मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक १९९ ● २०८० साल जेठ १७ गते बुधबार ● Wednesday 31, May 2023 ● सूर्योदय: बिहान ५:१० बजे ● सूर्यास्त: साँझ ६:५५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मधेश प्रदेशलाई बजेटमार्फत समेट्ने प्रयास

**मधेशदृष्टि**
**जनकपुरधाम।**
संघीय सरकारले आगामी आर्थिक वर्ष ०८०/०८१ का लागि सार्वजनिक गरेको बजेटमा मधेश प्रदेशलाई समेट्न खोजेकोप्रति व्यवसायीहरुले सन्तोषजनक प्रतिक्रिया दिएका छन् । सरकारले मधेश प्रदेशका लागि न्यून्तम १५ वटा योजनामा बजेट विनियोजन गरेको छ । कृषि, शिक्षा, पर्यटकीय, हवाइ मार्ग, खेलकुदलगायतका क्षेत्रमा सरकारले मधेश प्रदेशलाई बेवास्ता गरेको भन्दै व्यवसायीहरुले गुनासो पनि गरेका छन् ।



सार्वजनिक गरिएको बजेटमा विभिन्न पाँच स्थानमा निर्माण गरिने कृषि उपज थोक बजार स्थल विषादी अवशेष द्रुत परीक्षण केन्द्र निर्माण गर्ने योजना रहेको छ। जसमध्ये धनुषा जिल्लामा निर्माण गर्ने उल्लेख गरिएको छ।
त्यस्तै बाराको सिमरालाई विशेष आर्थिक क्षेत्रको बाँकी काम सम्पन्न गरी संचालनमा ल्याउने, बारा-पर्सा औद्योगिक करिडोरलाई गण्डकदेखि वीरगंजसम्म विकास गरिने, वीरगंज एकीकृत जाँच चौकीमा गोदाम घर, पार्किङ्गस्थल, सुक्खा बन्दरगाह, केन्टेनर यार्ड निर्माण, मिथिला क्षेत्रलाई 'खुल्ला सांस्कृतिक संग्राहलय' का रूपमा विकास गरिने योजनाहरुलाई समेटिएको छ।
त्यस्तै बाराको गढीमाई र सप्तरीको छिन्नमस्ता मन्दिरको संरक्षण तथा पूर्वाधार विकास निर्माण, महोत्तरीको बर्दिबास मेडिकल कलेजको निर्माण कार्य अघि बढाइने, रौटहटको कटरिया र सप्तरीको कञ्चनरूप तथा सप्तकोशीमा खानेपानी आयोजना निर्माण, कमला ढल्केवर-पथलैया सडकखण्डकाको स्तरोन्नती, पूर्व-पश्चिम राजमार्ग विस्तार तथा स्तरोन्नतिका लागि ३१ अर्ब २ करोड रुपैयाँ, हुलाकी राजमार्गको स्तरोन्नतिका लागि ३ अर्ब ४९ करोड रुपैयाँ बजेट छुट्याइएको छ। त्यस्तै वीरगंज पथलैया ६ लेन व्यापारिक मार्ग निर्माण सम्पन्न गरिने, चन्द्रपुर–गौर सडक विस्तारका लागि ७६ करोड रुपैयाँ, बर्दिबास-निजगढ रेलमार्ग निर्माण कार्यलाई निरन्तरता, वीरगंज- काडमाडौं रेलमार्गको विस्तृत अध्ययन, सर्लाही, रौतहट जिल्लामा २२ हजार हेक्टर क्षेत्रमा यान्त्रिक सिँचाइ आयोजना निर्माण गरिनेलगायतका आयोजनाहरु बजेटमा विनियोजन गरिएको छ।

## सांसदलाई रकम बाड्नु गलत



*जितेन्द्र महासेठ*
*अध्यक्ष*
*जनकपुर उद्योग वाणिज्य संघ*
संघीय सरकारले जारी गरेको बजेटमा विगत भन्दा यस वर्ष भिन्न प्रकारको रहेको देखिन्छ। आर्थिक संकटोन्मुख अवस्थामा रहेकोले यसबाट मुलुकलाई बचाउनका लागि भएपनि अवस्था र परिस्थिती अनुसारको बजेट ल्याएको देखिन्छ। सरकारले करिब १७ खर्बको बजेट ल्याएको छ। मुलुक ऋण माथि रहेको अवस्थामा केही महत्वकांक्षी आयोजना नल्याएको भए हुन्थ्यो। मुलुकमलाई आर्थिक मन्दीबाट जोगाउनलाई भएपनि

*बाँकी पृष्ठ २ मा*

## औद्योगिक करिडोर घोषणा हुनु उपलब्धि हो



*अनिल अग्रवाल*
*अध्यक्ष*
*वीरगंज उद्योग वाणिज्य संघ*
विगत लामो समयदेखि यहाँका उद्योगी व्यवसायीहरुले उठाउँदै आएको आवाज र केही सुझावलाई अहिलेको बजेटमा सम्बोधन गरिएकोले उद्योगी व्यवसायीहरुमा उत्साह थपिएको छ। हामीले वीरगंज-पथलैया क्षेत्रलाई औद्योगिक करिडोरको रूपमा घोषणा गर्न लामो समयदेखि माग गर्दै आएका थियौं, जुन समेटिएको छ, यो स्वागतयोग्य कुरा हो, यसका लागि सरकारलाई धन्यवाद दिन चाहन्छौं। बजेटमार्फत वीरगंज-पथलैया औद्योगिक

*बाँकी पृष्ठ २ मा*

## सहजीकरण, प्रोत्साहन र कर छुट स्वागतयोग्य



*गणेश लाठ*
*पूर्व अध्यक्ष*
*उद्योग वाणिज्य संघ मधेश प्रदेश*
सरकारले बजेटमा स्वदेशी उद्योगको उत्पादनलाई स्वदेशमै खपत गर्ने, युवा र महिला उद्योगीलाई प्रोत्साहन, आविष्कार र नवप्रवर्द्धनमा जोड दिएको छ। बजेटमा दुईवटा औँद्योगिक क्षेत्रलाई अगाडि बढाउने र दुई वटालाई सार्वजनिक निजी साझेदारी अनुसार अगाडी बढाउने कुरा आएको छ। यो बजेटको सकारात्क पक्ष हो। तर यसलाई कार्यान्वयन कसरी गरिन्छ भनेमा भरपर्छ। पूँजीगत खर्च बढ्न नसकेर

*बाँकी पृष्ठ २ मा*

## उत्पादनशीलभन्दा पनि वितरणमुखी बजेट



*डा. सुवोध गुप्ता*
*केन्द्रीय सदस्य*
*नेपाल उद्योग वाणिज्य महासङ्घ*
मुलुकको अर्थतन्त्र सङ्कटग्रस्त अवस्थामा पुगेको छ, यस्तो अवस्थामा उत्पादनमुखी बजेट आउनुपर्दथ्यो, तर अहिले सरकारले प्रस्तुत गरेको बजेट उत्पादनशीलभन्दा पनि वितरणमुखी बजेट हो, यसले अर्थतन्त्रमा सुधार ल्याउनसक्ने अवस्था छैन। बजेट वितरणमुखी रहेकाले यसको कार्यान्वयनमा थुप्रै चुनौती समेत रहेको छ। बजेटमा निजी क्षेत्रलाई विश्वासमा लिने र प्राथमिकता दिने भनिएपनि कार्यान्वयनमा कसरी हुन्छ भन्ने विषयलाई आफूहरूले हेरिरहेको छौं।

## व्यापारीको पीडालाई सम्बोधन गर्न सकेन



*पण्डित प्रसाद जैसवाल*
*अध्यक्ष*
*उद्योग बाणिज्य संघ रौतहट*
नेपाल सरकारले जग्गाको किता काटको घोषणा, सशस्त्र बेस क्याम्प निर्माण योजना, कूनै पनि परियोजना पुरा नभएसम्म स्थानीय तहका कार्यालय प्रमुखको सरूवा नगर्ने निर्णय सराहनीय कार्य हो।बजेटमा बैंकबाट व्यवसायीले भोग्दै आएको समस्याको बारेमा सम्बोधन भएन, कोरोनाकालदेखि हालसम्म मारमा परेका व्यापारीको पीडा सम्बोधन भएन, व्यवसायीको समस्या ज्यूँकात्यूँ छ।

## पेट्रोलियम पदार्थ बजेटमा समेटिनु सकारात्मक



*मनोजकुमार दास*
*अध्यक्ष*
*नेपाल पेट्रोलियम डिलर्स एशोसिएसन*
विनियोजित बजेटमा औँद्योगिक पूर्वाधार विकास, स्वदेशी उत्पादनलाई प्रोत्साहन तथा निर्यात प्रवर्द्धन, बहुमूल्य खानी अन्वेषण, पेट्रोलियम पदार्थ अन्वेषणलगायत कार्यक्रम बजेटमा समेटिनु अत्यन्तै सकारात्मक र महत्पूर्ण पक्ष हो।

## बारा–पर्साको बजेट

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले सोमबार प्रस्तुत गरेको बजेटमा बारा र पर्साका स्थानीय तहले पनि बजेट पाएका छन्।
बाराः
कलैया उपमहानगरपालिकाः ८४ करोड ७३ लाख रुपैयाँ
जीतपुरसिमरा उपमहानगरपालिकाः ८४ करोड ६३ लाख रुपैयाँ
महागढीमाई नगरपालिकाः ४६ करोड ४२ लाख रुपैयाँ
सिम्रौनगढ नगरपालिकाः ३९ करोड ४४ लाख रुपैयाँ
कोल्हवी नगरपालिकाः ३९ करोड २ लाख रुपैयाँ
निजगढ नगरपालिकाः ३८ करोड १ लाख रुपैयाँ
पचरौता नगरपालिकाः ३३ करोड १८ लाख रुपैयाँ
सुवर्ण गाउँपालिकाः २७ करोड ९६ लाख रुपैयाँ
आदर्श कोटवाल गाउँपालिकाः २७ करोड ६५ लाख रुपैयाँ
करैयामाई गाउँपालिकाः २७ करोड ३३ लाख रुपैयाँ
पर्सौनी गाउँपालिकाः २६ करोड ५० लाख रुपैयाँ
गाउँपालिका फेटा गाउँपालिकाः २६ करोड ३४ लाख रुपैयाँ
बारागढी गाउँपालिकाः २५ करोड ८० लाख रुपैयाँ
देवताल गाउँपालिकाः २२ करोड ६६ लाख रुपैयाँ
विश्रामपुर गाउँपालिकाः २१ करोड ६३ लाख रुपैयाँ
परवानीपुर गाउँपालिकाः २१ करोड २८ लाख रुपैयाँ
पर्साः
वीरगंज महानगरपालिकाः १ अर्ब ३३ करोड २१ लाख रुपैयाँ
पोखरिया नगरपालिकाः ३३ करोड २९ लाख रुपैयाँ
पर्सागढी नगरपालिकाः ३३ करोड ११ लाख रुपैयाँ
बहुदरमाई नगरपालिकाः ३४करोड ७५ लाख रुपैयाँ
छिपहरमाई गाउँपालिकाः २५ करोड ५७ लाख रुपैयाँ
जगर्नाथपुर गाउँपालिकाः २९ करोड २४ लाख रुपैयाँ
धोबिनी गाउँपालिकाः २१ करोड ३७ लाख रुपैयाँ
पकहा मैनपुर गाउँपालिकाः २१ करोड ७६ लाख रुपैयाँ
पटेर्वा सुगौली गाउँपालिकाः २५ करोड ६३ लाख रुपैयाँ
बिन्दबासिनी गाउँपालिकाः २२ करोड २४ लाख रुपैयाँ
सखुवा प्रसौनी गाउँपालिकाः ३३ करोड १४ लाख रुपैयाँ
ठोरी गाउँपालिकाः २९ करोड ६९ लाख रुपैयाँ
कालिकामाई गाउँपालिकाः २२ करोड ४७ लाख रुपैयाँ
जिराभवानी गाउँपालिकाः २३ करोड ६ लाख रुपैयाँ

## समन्वय र सहकार्यका लागि तत्पर छौँ: मुख्यमन्त्री




*"मेरो गाउँकै एक वडामा बजेटसहितको सिलिङको व्यवस्था गरियो, तर बजेट भने वडाले अर्कै ठाउँमा खर्च गर्न खोज्दा विवाद भयो र बजेट त्यसै फ्रिज हुने अवस्था भयो। यस्ता सानातिना कुरा विनाजानकारी नै जथाभावी गर्न खोज्दा विवादसहित समस्या उत्पन्न हुने र कामपनि नहुने अवस्था छ। यस्तो हुनु हुँदैन।"*

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मुख्यमन्त्री सरोजकुमार यादवले स्थानीय तह र मधेश प्रदेश सरकारबीच समन्वय र सहकार्यमा जोड दिएका छन्।
मंगलबार जनकपुरधाममा वित्तीय संघीयता र स्थानीय तहको योजना तर्जुमा प्रदेश स्तरीय अन्तरक्रियामा मुख्यमन्त्री यादवले मधेश सरकार नीति तथा कार्यक्रम र बजेटको तयारीमा लागिपरेको अवस्थामा स्थानीय तहमा के कस्ता दीर्घकालीन योजना आवश्यक नीति तथा कार्यक्रमबारे सरसल्लाह, सुझाव दिन आग्रह गरे। उनले मधेश सरकारले स्थानीय तहका सरकारलाई सहयोग, समन्वय र सहकार्य गर्न तत्पर रहेकोसमेत प्रतिवद्धता व्यक्त गरे।
उनले मधेश सरकार नीति तथा कार्यक्रम र बजेटको आन्तरिक तयारीमा लागेको अवस्थामा अर्थ मन्त्रालयका प्रदेश सचिवले दश दिनका लागि बिदामा बसिदिँदा बजेट निर्माणलगायतका कामकाज नै प्रभावित भएको बताए।
तथापी प्रदेश सरकारले गर्नुपर्ने काम गरे पनि कर्मचारीले पनि समन्वय र सहकार्य नगरिदिँदा समस्या उत्पन्न हुनु स्वाभाविक रहेको बताए।
केही कर्मचारीको लापरबाहीले जनप्रतिनिधि, मन्त्रीकै गल्ती देखाउने प्रवृत्ति पनि बढेको प्रति चिन्तासमेत व्यक्त गरे।
उनले स्थानीय तहले प्रदेश सरकारले सःशर्त अनुदानमा दिएका शीर्षकसहितको बजेट पनि स्थानीय तहले आफूखुसी चलाउँदा विवाद उत्पन्न हुने गरेकाले समयमै बजेट, शीर्षक र नियमानुसार कामकारबाही गर्न पालिकालाई आग्रह गरे।
उनले भने, 'मेरो गाउँकै एक वडामा बजेटसहितको सिलिङको व्यवस्था गरियो, तर बजेट भने वडाले अर्कै ठाउँमा खर्च गर्न खोज्दा विवाद भयो र बजेट त्यसै फ्रिज हुने अवस्था भयो। यस्ता सानातिना कुरा विनाजानकारी नै जथाभावी गर्न खोज्दा विवादसहित समस्या उत्पन्न हुने र कामपनि नहुने अवस्था छ। यस्तो हुनु हुँदैन।'
त्यस्तै पूर्वमुख्यमन्त्री लालबाबु राउतले स्थानीय तहको सहयोग र समन्वय विना प्रदेश सरकार अधूरो रहेकाले प्रदेश र स्थानीय तहबीच नङ र मासुको सम्बन्ध हुनुपर्ने बताए।
उनले प्रदेश सरकारले स्थानीय तहमै केन्द्रित भएर हरेक क्षेत्रमा काम गर्ने भएकाले समस्या, आवश्यकता र सोको पहिचान गरी प्रदेश सरकारले तयार गर्ने नीति, योजना, कार्यक्रमअनुसार आफ्नो योजना अनुकुल स्थानीय तहमा कार्यान्वय गर्नुपूर्व सरसल्लाह सुझाव, अनुगमनलगायतका कामकारबाही गरी काम गरे प्रभावकारिता देखिने टिप्पणी गरे।

# किन अलपत्र पारियो ५००० साइकल ?



**किरण कर्ण**
**जनकपुरधाम।**
साइकल तत्कालीले प्रदेश सरकारले किनेको हो । तर सरकार बदलिएपछि किनिएको साइकल वितरण गर्ने कार्यमा पछिल्लो सरकार क्रियाशील नहुँदा र एकले अर्कालाई दोष देखाएर उम्कने काम हुँदा मधेशका छोरीका लागि किनिएको करोडौंको साइकल खिया लागेर सडेको छ। पूर्ववर्ती सरकारले गरेको राम्रो कामलाई पनि नराम्रो बनाउन एउटा, दुईवटा होइन, चार-चारवटा निकाय बेमतलबी बन्दा ५ हजार भन्दा बढी साइकल खेर जाने अवस्थामा पुगेको छ।
तत्कालीन प्रदेश नम्बर २ को सरकारले खरिद गरेको साइकल दुई वर्षदेखि जनकपुर चुरोट कारखाना लिमिटेडस्थित मधेश भवनको गोदाममा थन्किएको छ। जनताका छोरीलाई बाँडिनु पर्ने साइकलको जिम्मेवारीबाट मधेश सरकार नै पन्छिदै गएपछि सबै दोष पूर्ववर्ती सरकारलाई देखाउँदै कोही फाइल पठाइसकिएको र कोही फाइलको सबै विवरण आउन बाँकी भन्दै ५ हजार साइकललाई गोदाममै सडाउन उदत देखिन्छन् । २०७८ असारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले 'मुख्यमन्त्री बेटी बचाउ, बेटी पढाउ' कार्यक्रम अन्तर्गत तेस्रो चरणमा १० हजार साइकल खरिद गरेको थियो। जसमध्ये बाकी पाँच हजार साइकल वितरण हुन नसकेको हो।
प्रदेश सरकारको अति महत्वकांक्षी योजनामा अख्तियार दुरुपयोग अनुसन्धानले छानबिनको अंकुश लगाएपछि भएको साइकल बाँड्न सबै डराएका हुन्। तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले अभियानलाई तत्कालीन सामाजिक विकास मन्त्रालयमातहत राखे । त्यसपछि मन्त्रालयले समेत साइकल वितरणका लागि योजना बनाएन। पछिल्लो पटक मन्त्रालयको नामकरण परिवर्तन र मन्त्री फेरिएपछि पनि साइकल वितरणमा कसैले चासो दिएनन्, मानौं पूर्वमुख्यमन्त्रीले गरिबका छोरीलाई दिन्छु भनेर साइकल किन्नु ठूलो अपराध भयो।
मन्त्रालयको नाम परिवर्तनसँगै शिक्षा तथा समाज कल्याण मन्त्रालयसमेत साइकल वितरणमा पन्छियो । मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले आफूहरुको मातहतमा २०७८ मंसिरपछि आएको र यसको कार्यान्वयन माघमा भएको भन्दै अलपत्र साइकल प्रकरणबारे मन्त्रालयलाई जानकारी नभएको भन्दै उम्कन खोजे। उनले 'मुख्यमन्त्री बेटी बचाउ, बेटी पढाउ' कार्यक्रम अभियान प्रदेश शिक्षा निर्देशनालयमातहत रहेकाले आफूलाई थप जानकारी नभएको भन्दै गैरजिम्मेवारपूर्ण प्रतिक्रिया दिए । तर प्रदेश शिक्षा निर्देशनालय लेखा प्रमुख फणिन्द्र ढुंगेलले निर्देशनालय मातहतमा बेटी वीमासम्बन्धी कामकारबाही भइरहेको बताउँदै साइकलबारे जानकारी नरहेको बताए। उनले नयाँ कार्यविधि बनेपछि मन्त्रालय मातहतआएपछि यसमा काम थालिएको बताए । तर नयाँ कार्यविधि र प्राप्त भएको फाइलसहितको कागजातअनुसार साइकलबारे जानकारी नपाइएको उनले बताए । अर्थात् कोही पनि साइकलको नामै उच्चारणमा रुचि राखिरहेका छैनन्।
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका

*बाँकी पृष्ठ २ मा*

# जनकपुरधामको अर्को पहिचान गंगाआरती नवौँ वर्षमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामको ऐतिहासिक तथा धार्मिक पोखरी गंगासागरको सरसफाइ अभियानबाट सुरु भएको गंगाआरती आठौँ वर्ष पूरा गरी नवौँ वर्षमा प्रवेश गरेको छ।
गंगा दशहाराको अवसर पारेर सुरु भएको गंगाआरती अहिले जनकपुरधामको पहिचानको रुपमा स्थापित भएको छ। जनकपुरधामको धार्मिक र पवित्र गंगासागरमा 'सेभ हिस्टोरिकल जनकपुर'को पहलमा सुरु भएको गंगाआरती आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बन्दै गएको छ । नेपालमै पहिलोपटक सुरु गरिएको गंगाआरती हेर्न प्रत्येक दिन यहाँ पर्यटकको घुइँचो लाग्ने गरेको छ।
जनकपुरधाममा सुरु भएको गंगाआरतीपश्चात पोखराको फेवातालका साथै सिरहा, महोत्तरीको जलेश्वरलगायतका स्थानमा समेत साँझ आरती हुन थालेको छ । तीन महिनाको गंगासागर सफाइ अभियानपश्चात सुरु गरिएको गंगाआरतीमा सहभागी हुन आन्तरिक पर्यटकका साथै छिमेकी मुलुक भारत तथा तेस्रो मुलुकबाट समेत पर्यटकहरु आउने गरेको सेभ हिस्टोरिकल जनकपुरका अध्यक्ष एवम् प्रदेशसभा सदस्य रामअशिष यादवले बताए । गंगाआरतीको विषयमा जानकारी दिँदै यादवले जलको संरक्षण र प्रकृतिको पूजा नै गंगाआरती भएको बताए।
जलकी देवी गंगा र जमिनकी देवी जानकीको संयुक्त पूजा हुने आरती स्थलमा प्रत्येक बेलुका एक हजारभन्दा बढी मानिसको भीड लाग्छ। झन्डै दुई घण्टाको संगीतमय आरतीको अन्त्यमा प्रसादसमेत बाँडिन्छ। भक्तले चढाएको भेटी र दानबाट नै आठ वर्षदेखि आरतीले निरन्तरता पाइरहेको छ भने यहाँबाट सिकेर जनकपुरधामका अन्य ताल पनि सफा राख्नुपर्छ भन्ने सचेतना

*बाँकी पृष्ठ २ मा*



*"आरतीका लागि गंगासागरको किनारामा ३ वटा मण्डप बनाइएको छ। तीनवटा पण्डित एकैसाथ गीतसंगीतकै धूनमा आरती गर्ने गर्छन्। हिन्दूधर्ममा आरती पूजा अर्चनाको एउटा विधि हो।"*

# जसपा विधान अधिवेशनमा बस्ने व्यवस्था आफैँ गर्नुपर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको विधान अधिवेशन आगामी असार १० देखि १२ गतेसम्म काठमाडौँको प्रज्ञा प्रतिष्ठानमा हुने तय भएको छ। यसअघि असार ९ गतेदेखि सुरु हुने भनिएको विधान अधिवेशन जेठ १४ गतेको कार्यकारिणी समिति बैठकले परिवर्तन गर्ने निर्णय गरेको हो ।जसपाले परिपत्र जारी गर्दै विधान अधिवेशनमा सहभागी हुने प्रतिनिधिहरुलाई आ-आफ्नो समितिको बैठक बसेर निर्णय गरिएको माइन्युटको प्रतिलिपी र प्रतिनिधिहरूको फोटोसमेत यही जेष्ठ २५ गते भित्र जसपा केन्द्रीय कार्यालयमा पठाउन भनेको छ।
अधिवेशनमा सहभागी प्रतिनिधि पर्यवेक्षकले १ हजार रुपैयाँ र केन्द्रीय सदस्यहरूले प्रवेश शुल्क वापत १ हजार ५०० रुपैयाँ लाग्ने जसपाले जनाएको छ।
यसका साथै विधान अधिवेशनमा सहभागी प्रतिनिधि एवम् पर्यवेक्षकले खाने बस्ने व्यवस्था आफैँले गर्नु पर्ने जसपाले जसपाले जारी गरेको परिपत्रमा उल्लेख गरेको छ।
अधिवेशन अवधिसम्म भने खाना र नास्ताको व्यवस्था आयोजक समितिले गर्ने केन्द्रीय कार्यालय प्रमुख प्रकाश अधिकारीले बताए।

## सांसदलाई रकम बाड्नु गलत...

विनाकामममा संसदलाई बजेट छुट्याएको छ। जुन पूर्ण गलत छ। यो तत्काल खारेज गरिनुपर्छ। मुलुक बर्वाद हुनुमा संसदीय विकास कोषको ठुलो हात छ। मनपरी खर्च र टुक्रेटुक्रे बजेट योजनाले गर्दा र काम भन्दा अनियमितता बढी हुने गरेकाले तत्काल खारेजी हुनुपर्छ। मुलुक आतरिक ऋणमा रहेको बेला नयाँ सृजनात्मक बजेट हुनुपर्ने थियो। जुन देखिएन। हाम्रो मुलुकमा जल, जंगल र जमिनको सदुपयोग हुनुपर्छ। जलबाट उर्जा, खानेपानीको अभाव मेट्न सकिन्छ भने कृषि उब्जाउका लागि सिचाईसहित पानीको व्यवस्था चाहिन्छ। पानीले अनेक थोकको विकासदेखि उत्पादनसम्म यसको माग रहेकाले यस तर्फ सरकारको ध्यान पुगेको देखिएन। त्यस्तै पर्यटकीय र उद्योग कलकारखाना स्थापनाका लागि स्पष्ट योजना छैन। १० लाख पर्यटकीय भित्रियाउनका लागि नीति, योजना र व्यवस्थाको आवश्यक हुन्छ। जुन देखिएन। यसरी १० लाख पर्यटकीय भित्रियाउने योजना असफल हुने देखिन्छ। भने उद्योग कलकारखाना स्थापना तथा राष्ट्रमा निम्तिन लागेको आर्थिक संकटबाट बँच्नका लागि पनि मुलुकलाई आत्मनिर्भर बनाउन तर्फ चासो लिएको देखिएन।
आर्थिक संकटोन्मुखको अवस्थामा पुष्पकमल दाहाल नेतृत्वको सरकारले औद्योगिक क्षेत्रमा क्रान्ति ल्याउनुपर्ने बेलामा अस्पष्ट नीति, योजना र बजेट ल्याएको देखिन्छ। सरकारले आफ्नै स्तरबाट उद्योग स्थापना गर्न नसकिरहेको बेलामा कमसेकम निजिस्तरबाट भएपनि प्रोत्साहनस्वरुप विभिन्न नीति तथा योजना मार्फत व्यवसायीलाई उद्योग तथा कलकारखाना स्थापनाका लागि अग्रसरता लिन भन्नसक्नु पर्थ्यो। त्यो देखिएन। कर, राजस्व, उद्योगी व्यवसायीका लागि राहतलगायतको व्यवस्था हुनुपर्थ्यो, त्यो पनि छैन। उद्योग, व्यवासयको नाममा करिब ३५ करोड रुपैयाँ मात्रै छुट्याएको छ, जुन कार्यान्वयन हुन्छ, हुदैन, त्यो भन्न गाह्रो नै छ। कमसेकम उद्योग कलकारखाना स्थापना, कच्चा पदार्थको अभाव कृषिमा चक्लाबन्दीका लीगि बजेट छ, तर कार्यान्वयनमा फितलो नीति योजना रहेको देखिन्छ। जसले गर्दा कार्यान्वयन पक्षमा शंका उत्पन्न भएको छ।त्यस्तै कृषि र औद्योगिक तर्फ सरकारले खासै ध्यान दिन सकेको छैन। कृषिमा उत्पादन हुने वस्तु र सामग्रीको बजारीकरण, व्यवसाय र उद्योगको स्थापना तर्फ मौन छ।कतिपयमा कर छुट गरिएको छ भने केहीमा कर वृद्धिपनि गरिएको छ। आयात र निर्यात तर्फ सरकार गम्भिर छैन। सरकारसँग भएको गरेका चिजमा पनि स्पष्ट नीति योजना ल्याउन सकेको छैन।
विश्वकै गौरवको रुपमा रहेको मधेश प्रदेशको जानकी मन्दिरलाई विश्वसम्पदाको सूचीमा सूचिकृत गर्ने भनिएपनि यससम्बन्धी नीति तथा योजना स्पष्ट नहुदाँ अन्योलमै रहने देखिन्छ। जानकी मन्दिरलाई विश्वकै धार्मिक तथा पर्यटकीय नगरीको रुपमा विकास गर्नुपर्नेमा सरकार स्वयम् अन्योलमा देखिन्छ।
लामो समयदेखि हुलाकी सडक बन्न नसक्दा सरकारका लागि खेलौना बनेको छ। यदी हुलाकी सडक निर्माण भएको भए नेपाल-भारत सीमाक्षेत्र नजिक पर्ने हुनाले हुलाकी सडक क्षेत्र औद्योगिक कोरिडोरको रुपमा विकास गरिसक्ने थियो। तर सरकारकै लापरवाहीकै कारण अलपत्र परेको छ भने हुलाकी सडक अझैपनि पूर्णरुपेण बन्न सकेको छैन।यो दुःखद हो। त्यस्तै यस प्रदेशकोसमेत निकै महत्वकांक्षी योजनाको रुपमा रहेको कमला-सुनकोशी डाईभर्सनको कामसमेतलाई उल्लेख गर्न सकेको छैन। कमला-सुनकोशी डाँभर्सन योजनाले कृषि भुमि उब्जाउ, सिचाईको व्यवस्था र चक्लाबन्दीका लागि पनि यसले अवसर पाउनेथ्यो। यस तर्फ सरकारले ध्यान दिन सकेको देखिएन।त्यस्तै मधेश प्रदेशलगायतका क्षेत्र करिब ४० प्रतिशत मात्रै किसानहरु खेतीपातीमा छन्।
जसमा आधा किसानसँग आफ्नो उब्जाउ जग्गाजमिन छैन भने जोसँग छ, उ किसान नै छैन। यस तर्फ पनि नीति तथा योजना ल्याई सबैलाई खेतीपाती गर्न प्रोत्साहन गर्नु पर्थ्यो भने अर्को तर्फ जोसँग जग्गा छ, खेतीपाती गर्दैन, उसका लागि नयाँ नीति ल्याई उब्जाउ गर्न सक्नुपर्थ्यो भने जग्गा भएकाहरुको जग्गाजमितको सुरक्षाको ग्यारेन्टी लिनुपर्ने अवस्था देखिन्छ।

## औद्योगिक करिडोर घोषणा हुनु उपलब्धि हो...

करिडोर घोषणा गरी सरकारले हाम्रो कुरालाई सम्बोधन गरेको छ', अध्यक्ष अग्रवालले भने 'यो हाम्रा लागि उपलब्धिको कुरा हो, यसको आधारभूत कुराबारे अध्ययन गर्न बाँकी छ, विस्तृत अध्ययनपछि मात्रै यस विषयमा थप कुरा गर्न सकिन्छ। सरकारले निजी क्षेत्रलाई महत्व दिई वर्तमान आर्थिक अवस्थामा सुधारको प्रयास हुनु स्वागतयोग्य छ। घोषणा गरिएको बजेटको कार्यान्वयन हुनुपर्छ।
बजेट घोषणामा निजी क्षेत्रको लगानी, युवा मनोबल वृद्धि र व्यवसाय रक्षाका लागि महत्वकांक्षी कार्यक्रमअघि बढाइएपनि आर्थिक तरलता कायम रहेका बेला आर्थिक वृद्धिको लक्ष्य पूरा हुने अवस्था छैन। एकातिर खुल्ला बोर्डका कारण अवैध रूपमा समान आयात र निर्यात हुने क्रम बढेको छ भने अर्कोतिर करको दर बढाइएको छ। त्यसैले खुल्ला नाकाबाट हुने अवैध आयात र निर्यातलाई रोकी करको दरभन्दा पनि दायरा बढाउनु पर्छ। त्यसो गर्न सकिए मात्र राजस्व संकलनको लक्ष्य पूरा हुनसक्छ, नत्र लक्ष्य पुरा हुन नसक्ने सम्भावना रहेको छ।

## सहजीकरण, प्रोत्साहन र कर छुट स्वागतयोग्य...

अर्थतन्त्रमा समस्या देखिएको अवस्थामा बजेटले पुँजीगत खर्च बढाउने र अनुत्पादक खर्च कटौती गर्ने नीति लिनु सकारात्मक छ। बजेटमा उद्योग, वाणिज्य र लगानी क्षेत्रलाई सहजीकरण, प्रोत्साहन र कर छुटको घोषणा हुनु पनि स्वागतयोग्य छ। सरकारी खर्च कटौती, नयाँ गाडी खरिद नगर्ने र नयाँ भवन नबनाउने घोषणा गर्नु बजेटको सकारात्मक पक्ष हो। अहिलेको बजेटमा खासै उत्साहित हुनुपर्ने कुरा नभएपनि अर्थतन्त्रमा सुधार ल्याउन लिएका कतिपनि नीतिहरू सकारात्मक छ। त्यसैले यसको कार्यान्वयन महत्वपूर्ण पक्ष भएको छ।एक सय रुपैयाँ पुँजीमै कम्पनी खोल्न पाउनेदेखि उद्योग तथा कम्पनी दर्तामा सूचना प्रविधिको अधिकत्तम प्रयोगसम्मका लोकप्रिय कार्यक्रम बजेटमा समेटिएको छ। कोभिड र आर्थिक सङ्कुचनका कारण धर्मराएको विदेशी लगानी प्रोत्साहन गर्न विदेशी लगानीमा थुप्रै सहजीकरणको घोषणा बजेटमा गरिएको छ। उत्पादनमूलक उद्योगको सहजीकरणका लागि जग्गाको भाडा र हदबन्दी सम्बन्धी कानून संशोधन, वैदेशिक लगानीको कानुनी स्थिरता, वैदेशिक लगानीको न्यूनतम् सीमा पुनःविचार र क्षेत्रगत सीमा तोकिने कार्यक्रमले उद्योगीको मनोबल बढ्ने छ। बजेटले लिएको निर्यात वृद्धि र आर्थिक वृद्धि दुवै लक्ष्य पूरा हुननसक्ने अवस्था रहेकोले अहिले मुलुकमा देखिएको आर्थिक तरलतालाई यसले समाधान गर्न सक्दैन।

## जनकपुरधामको अर्को पहिचान...

बढेको छ। बनारसबाट आएका पण्डितले यहाँका सात जनालाई आरती गर्न सिकाएपछि अहिले हरेक सोमबार जलेश्वर महादेव मन्दिरमा समेत महाआरती गरिँदै आएको छ। आरतीका लागि गंगासागरको किनारामा ३ वटा मण्डप बनाइएको छ। तीनवटा पण्डित एकैसाथ गीतसंगीतकै धूनमा आरती गर्ने गर्छन्। हिन्दूधर्ममा आरती पूजा अर्चनाको एउटा विधि हो। आरतीमा बलिरहेको दीपक वा आरतीको थाली आराध्यसमक्ष एक विशेष विधिले घुमाउने गरिन्छ। आरतीको टुकी घ्यू वा तेलको दियोको हुनसक्छ वा कपुरबाट बनाइएको हुन्छ। यसमा वैकल्पिक रूपमा घ्यू, धूप तथा सुगन्धित पदार्थको पनि मिश्रण गरिएको हुन्छ। कयौँपटक यसका साथै संगीत (भजन) तथा नृत्य पनि गरिने गरिन्छ। मन्दिरमा बिहान, बेलुका एवम् रातिमा द्वार बन्द हुनुभन्दा अगावै आरती हुन्छ। जनकपुरधामको गंगाआरतीका लागि विशेष प्रकारको आरती बनाइएको छ। भारतको बनारसको गंगाआरती जस्तै यहाँ पनि रहेको छ। दुई ठूला आरती जसमा आगोको डल्लो जलिरहन्छ। गंगासागरमा आरती सुरु हुनुभन्दा एकघण्टा पहिलादेखि नै स्थानीयका साथै पर्यटकको भीड लाग्न थाल्छ।
साँझ ७ बजेदेखि राति ८ बजेसम्म गंगासागरको चारैतिर श्रद्धालु जम्मा भएर आरतीको आनन्द लिने गर्छन्। आरतीमा कयौँपटक सहभागी भइसकेका मधेशी आयोगका अध्यक्ष विजय दत्तले भने, 'कसरी एक घण्टा बितिहाल्छ पत्तो नै हुँदैन। जनकपुरधाममा रहँदा आरतीमा सहभागी हुने अवसर छुटाउँदिनँ।' गंगाआरतीस्थल गंगासागरको महत्व अत्यधिक रहेको छ। त्रेतायुगकालीन यसको पनि इतिहास छ। इतिहासकारहरु यो गंगासागर कुन प्रयोजनका लागि निर्माण गरियो, त्यसमा एकमत नदेखिए पनि त्रेतायुगकालीन रहेकामा कुनै द्विविधा नरहेको उनीहरु बताउँछन्। केही इतिहासकार रामजानकीको विवाहका बेला जानकीकै आग्रहमा भगवान रामले आफ्नो बाणले गंगालाई जनकपुरमा आमन्त्रित गरेको दाबी गर्छन् भने केहीले त्रेता युगमा मिथिला नरेश निमिको श्रापबाट पूरै शरीर गलिसकेको थियो, त्यसपछि उनको शरीरलाई मन्थन गरियो जसबाट मिथि नाउँका बालकको जन्म भएको थियो। बालकलाई पानीबाट सिख्त गर्न संसारकै प्रमुख नदी तथा सरोवरबाट पानी ल्याइयो। सोही पानीबाट गंगासागर पोखरीको निर्माण भएको हुनसक्ने जानकारहरु बताउँछन्। रामजानकीको विवाहको समयमा मट्कोर गंगासागर पोखरीमै भएको मान्यता पनि छ। जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव भन्छन्, 'अहिले पनि प्रत्येक वर्ष रामजानकी विवाह महोत्सवमा मट्कोर गंगासागर पोखरीमै हुन्छ र अन्य विशिष्ट उत्सवमा पनि गंगासागर पोखरीकै पानी ल्याउने गरिन्छ।' यसले पनि गंगासागर पोखरीको महत्व कति छ भन्ने कुरो दर्शाउँछ। भारतको बनारसको गंगाघाटमा प्रत्येक साँझ हुने गंगाआरतीबाट प्रभावित भएर जनकपुरधामको गंगासागरमा गंगाआरती सुरु गरिएको हो। तर जनकपुरधामको आरतीमा गंगा, जानकी र शिवको संगै आरती हुने गरेको छ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

# भारत भ्रमण द्विपक्षीय हित र चासोमा केन्द्रीत रहने

**रासस**
**काठमाडौँ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को बुधबारदेखि सुरु हुन लागेको भारत भ्रमणका क्रममा द्विपक्षीय हित र चासोका बारेमा महत्त्वपूर्ण छलफल हुने भएको छ।
परराष्ट्र मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री एनपी साउदले द्विपक्षीय हित र चासोका बारेमा प्रधानमन्त्रीस्तरमा छलफल हुने जानकारी दिए। उनले भ्रमणका क्रममा विद्युत् व्यापार, प्रसारण लाइन निर्माण, एकीकृत जाँच चौकीको उद्घाटनलगायत कार्यसूची तय भए पनि थप केही विषयमा छलफल जारी रहेको बताए।
परराष्ट्रमन्त्री साउदले नेपालको ऊर्जा तथा जलविद्युत्को क्षेत्रमा भारतीय लगानीको प्रवर्द्धन गर्ने, व्यापार तथा पारवहन एवं हवाई मार्गका बारेमा महत्त्वपूर्ण विचार विमर्श हुने उल्लेख गरे। दीर्घकालीन रूपमा बिजुलीको व्यापार गर्न सकियोस् भन्ने बारेमा प्रधानमन्त्रीको भ्रमणका क्रममा छलफल हुने र एउटा निष्कर्ष निस्कने परराष्ट्रमन्त्रीले विश्वास व्यक्त गरे। यस्तै महाकाली नदीमा नेपाल र भारत जोड्ने मोटरेबल पुल तथा केही झोलुङ्गे पुल निर्माणका बारेमा पनि सहमति हुनेछ।
नेपाल र भारतका बीचमा रहेको व्यापार घाटालाई कम गर्ने तथा कृषि उपजलाई विना अवरोध भारतीय बजारमा प्रवेश गराउने विषयमा पनि महत्त्वपूर्ण सहमति गर्ने तयारी छ। उच्च राजनीतिक तहमा विश्वासको वातावरण तयार पार्दै सीमा क्षेत्रमा देखिएका समस्या समाधान गर्ने सवालमा भारत भ्रमण फलदायी हुने विश्वास लिइएको उनको भनाइ छ।
उद्योगी व्यवसायीका बीचमा रहेका समस्या समाधानका लागि प्रधानमन्त्रीको उपस्थितिमा अन्तरक्रिया एवं छलफल गर्ने कार्यक्रम तय भएको छ। नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल बुधबार दिउँसो भारतको राजधानी नयाँ दिल्ली प्रस्थान गर्ने कार्यक्रम छ। भ्रमण दलमा मन्त्रिगण, नेपाल सरकारका उच्च सरकारी अधिकारी, सञ्चारकर्मीलगायतको सहभागिता छ।
भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले उनका भारतीय समकक्षी नरेन्द्र मोदीसँग द्विपक्षीय हित र चासोका विविध विषयमा छलफल गर्नेछ। भारतीय राष्ट्रपति र उपराष्ट्रपतिसँग शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम छ। प्रधानमन्त्रीले नेपाली राजदूतावासमा नेपाली समुदायसँग छलफल गर्नेछ। प्रधानमन्त्री दाहालले सोमबार मात्रै प्रतिनिधिसभामा भारत भ्रमणको बारेमा जानकारी गराइसकेका छन्। मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले भारत भ्रमणका बारेमा छलफल गरेको छ।



# बजेट र प्रधानमन्त्रीको भारत भ्रमणबारे माओवादीको छलफल

**रासस**
**काठमाडौं।**
नेकपा (माओवादी केन्द्र) को संसदीय दलको बैठकमा सरकारले प्रस्तुत गरेको बजेट र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणबारे छलफल भएको छ।
सिंहदरबारस्थित पार्टी संसदीय दलको कार्यालयमा मंगलबार बसेको बैठकमा सांसदहरुले प्रधानमन्त्री दाहालको आसन्न भारत भ्रमण, सरकारद्वारा प्रस्तुत बजेट तथा सरकारले थालेको भ्रष्टाचारविरुद्धको अभियानका बारेमा जिज्ञाशा राखेका थिए। बैठकमा प्रधानमन्त्री एवं संसदीय दलका नेता दाहालले सरकारले सङ्घीय संसद्मा पेस गरेको आगामी आर्थिक वर्षको बजेट सन्तुलित रहेको, अहिलेको राष्ट्रिय आवश्यकता सम्बोधन गर्ने खालको रहेकाले बजेटको प्रतिरक्षा गरेर जानुपर्ने बताएको सांसद माधव सापकोटाले जानकारी दिए।
प्रधानमन्त्री दाहालले भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रवर्द्धन तथा अनियमितताको अनुसन्धानमा सरकार स्पष्ट अडानका साथ जाने प्रतिबद्धता व्यक्त गरेको उनले बताए। 'प्रधानमन्त्रीले आसन्न भारत भ्रमणलाई जतिसक्दो उपलब्धिमूलक बनाउने र नेपाली जनतामा गलत सन्देश जाने गरी सरकारले कुनै सम्झौता नगर्ने बताए', प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै सांसद सापकोटाले भने।
संसदीय दलको बैठकपछि दलको कार्यालयमा बजेटसम्बन्धी अभिमुखीकरण भइरहेको छ। अभिमखुीकरणमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ र सदस्य डा रामकुमार फुयाँलले सहजीकरण गरिरहेका छन्।



## किन अलपत्र पारियो ५०००...

प्रवक्ता विपिन्न ठाकुरले भने, 'मुख्यमन्त्री बेटी बचाउ, बेटी पढाउ' कार्यक्रम तत्कालीन सामाजिक विकास मन्त्रालय भंग भएर अहिलेको शिक्षा तथा समाज कल्याण मन्त्रालयमातहतमा छ।' उनले मन्त्रिपरिषद्को कार्यालयमा यससम्बन्धी कुनै पनि कागजात र सामग्री नरहेको बताए।
मुख्यमन्त्री कार्यालय, शिक्षा मन्त्रालय र निर्देशनालयसमेत करिब पाँच हजार थान अलपत्र साइकलको जवाफदेहीतामा जिम्मा लिन तयार नहुँदा करोडौँको सम्पत्ति कौडीको भाउमा लिलाम गर्ने अवस्थामा पुगेको छ। यता शिक्षा तथा समाज कल्याण मन्त्री महेशप्रसाद यादवले 'मुख्यमन्त्री बेटी बचाउ, बेटी पढाउ' कार्यक्रम मन्त्रालयमातहत आए पनि यससम्बन्धी कागजात, कहाँ, कति थान साइकल राखिएको गोदामबारे विस्तृत जानकारी मुख्यमन्त्री कार्यालयबाट नआएकाले यससम्बन्धी वास्तविक जानकारीलगायतका सरसामग्री अहिले पनि बुझबुझारथ नभएको स्पष्ट पारे।उनले 'मुख्यमन्त्री बेटी बचाउ, बेटी पढाउ' कार्यक्रम अदालतमा मुद्दा चलिरहेकाले पनि साइकल जस्ताको त्यस्तै अवस्थामा हुनसक्ने बताए। उनले भने, 'साइकलसम्बन्धी फाइलहरु मन्त्रालयमा आएकै छैन, बरु हामीकहाँ 'मुख्यमन्त्री बेटी बचाउ, बेटी पढाउ' कार्यक्रमअन्तर्गत बेटी वीमा कार्यक्रम सञ्चालनमा छ, यसबारे प्रदेश शिक्षा निर्देशनालयमा बुझ्न सक्नुहुन्छ।'पूर्वमुख्यमन्त्री लालबाबु राउतको सरकारले तेस्रो चरणमा आर्थिक वर्ष २०७७/७८ मा १० हजार थान साइकल ८ करोड ४४ लाख १० हजार रुपैयाँमा खरिद गरेको थियो। काठमाडौँको पुतली सडकस्थित स्यान्यो इन्टरनेशनलमार्फत खरिद गरिएकोमध्ये करिब पाँच हजार साइकल दुई वर्षदेखि अलपत्र छ।आपूर्तिकर्ता कम्पनीको पाँच करोड ६८ लाख भुक्तानीसमेत बाँकी छ। भुक्तानीका लागि आपूर्तिकर्ता कम्पनीले दौडधुप गरे पनि यससम्बन्धी फाइल कसैले पनि हेर्न मानेका छैनन्। आर्थिक वर्ष २०७६/७७ मा मधेश प्रदेश सरकारले १७ हजार थान साइकल खरिद गर्दा ११ करोड रुपैयाँ अनियमितता भएको ठहर गर्दै अख्तियार आयोगले २०७८ साउन १७ गते ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो।२०७७/७८ मा पनि भएको दोश्रो चरणमा १० हजार साइकल खरिदमा पनि बोलपत्र मूल्यांकनमा त्रुटीपूर्ण देखिएपछि बोलपत्र मूल्यांकन समितिमा रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन उपसचिव दिलीपकुमार प्रधान, अधिकृत सुरेन्द्रकुमार कर्ण, सहलेखापाल राजाराम मण्डल र इन्जिनियर भगवान झाविरुद्ध मुद्दा दायर भएको थियो।विशेष अदालतमा मुद्दा परेपछि करिब पाँच हजार साइकल थान वितरण अन्योलमा पर्नुका साथै भुक्तानी प्रक्रिया पनि प्रभावित भएको हो। योसँगै साइकलसमेत अलपत्रमा परेको देखिन्छ। त्यसपछि पूर्व मुख्यमन्त्री राउतले तत्कालीन सामाजिक विकास मन्त्रालय मातहतमा साइकल खरिद तथा वितरणसम्बन्धी आवश्यक फाइलको जिम्मेवारी हस्तान्तरण गरेका थिए।

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बद्लान्।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# पुल निर्माण माग गर्दै रिले अनसन



मुकेश कुमार साह
रौतहट।

रौतहटमा पुल निर्माणको माग राख्दै तीनदेखि रिले स्थानीयवासी अनसनमा छन्।

रौतहटको चन्द्रपुर नगरपालिका स्थित चन्द्रनिगाहपुर गैँडाटार जोड्ने चाँदी नदी पुल समयमा सम्पन्न नभएको भन्दै ३ दिन देखि स्थानियले रिले अनशन बस्दै आएका छन्।

सम्झौतामा ठेक्का लिएको तीन वर्षमा बनिसक्नुपर्ने पुल सात वर्ष वितिसक्दापनि पुल निर्माण नभएपछि स्थानीयहरुले तत्काल पुल निर्माणको माग गर्दै रिले अनसन बसेका छन्।

चाँदी खोलाको काम समयमा नगर्ने ठेकेदारलाई सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले पटक-पटक म्याद थप गरेका कारण ठेकेदारको मनोमानी बढेको चन्द्रपुर नगरपालिका वडा नम्बर ३ का वडाअध्यक्ष बोधनाथ देवकोटाले बताए।

चन्द्रनिगाहपुर गैँडाटार जोड्ने पुल निर्माणको जिम्मा पप्पु शिवशंकर जेभीले पाएका छन्। पुल ४ सय ६९ मिटर लम्बाइ र साढे ७ मिटर चौडाइ रहेको छ।

११ ओटा स्पाम रहेको पुल दुई पटक म्याद थप गरेर २०७६ असारमा सम्पन्न गर्ने सम्झौता थियो।

पहिलो चरणमा डेढ वर्ष तथा पछिल्लो समयमा ६ महिनाका लागि म्याद थप भएको हो । यस पुल निर्माणको लागि सदनमा पनि आवाज उठ्ने गरेको छ।रौतहट क्षेत्र नम्बर ४ का प्रतिनिधिसभा सदस्य देवप्रसाद तिमल्सिनाले पटक-पटक संसदमा कुरा उठाउँदै आएका छन्। मंगलवार मात्रै चन्द्रपुर नगरपालिकाका मेयर संजय काफ्लेले समेत आन्दोलनमा ऐक्यवद्धता जनाएका छन्।

पटक-पटक म्याद थप भएपनि पुल बन्न सकेको छैन। निर्माण कम्पनीको चरम लापरबाहीले समयमा पुल निर्माण सम्पन्न हुन नसकेको गैँडाटारका स्थानीयवासिन्दा लालबहादुर दोङले बताए।

निर्माण कम्पनीले प्रतिवद्धता जनाएअनुसार काम नगरेको र अझै चारवटा स्पाम ढलान बाँकी रहेको जनाएका छन्।

निर्माण कम्पनी तथा डिभिजन सडक कार्यालयलाई पटक-पटक ताकेता गरेपछि काम सुरु गरेपनि सुस्तगतिमा भइरहेको संघर्ष समितिका अध्यक्ष गोविन्दप्रसाद तिमल्सिनाले बताए।

पप्पु शिवशंकर जेभीले २२ करोड ४४ लाख रुपैयाँमा पुल निर्माणको जिम्मा पाएर २०७३ पुसदेखि काम थालेको निर्माण कम्पनीका ठेकेदार दयारामप्रसाद साहले बताए।

उनले कोरोना संक्रमण, निर्माण सामग्रीको अभाव, बजेटलगायत विविध कारणले पुल निर्माणमा ढिलाइ भएको बताए। पुलको काम हालसम्म करिब ७० प्रतिशत सम्पन्न भएको छ।

पुलको तेश्रो पटक म्याद सम्पनन भएअुनसार मसान्तसम्ममा पुल निर्माणको काम सम्पन्न हुने गरी म्याद थप भएको छ। थपिएको म्यादमा यस पटक पुल निर्माण सक्नु पर्ने भन्दै स्थानीयवासीले ठेकेदारलाई दबाव दिदैँ आन्दोलित भएका छन्।

पुल नबन्दा वर्षेनी हुने वर्षातयाममा गैँडाटारबाट चन्द्रनिगाहपुर आउने क्रममा चाँदी खोलाले बगाएर मान्छेको ज्यानसमेत लिने गरेको छ।

# गौर हत्याकाण्डः दोषीलाई कारवाहीको दायरामा ल्याउने प्रतिवद्धता

सञ्जय मिश्रा
रौतहट ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गौर हत्याकाण्डका दोषीलाई कारवाहीको दायरामा ल्याउने प्रतिवद्धता जनाएका छन् । मंगलबार बालुवाटारमा आम जनता पार्टी रौतहटका अध्यक्ष त्रिभुवन साहको नेतृत्वमा गौर हत्याकाण्डका पीडितहरु प्रधानमन्त्री प्रचण्डसँग भएको भेटघाटमा प्रतिवद्धता जनाएका हुन् ।

प्रधानमन्त्री प्रचण्डले दरबार हत्याकाण्डकासाथै गौर हत्याकाण्डका दोषीलाई पनि कारवाहीको दायरामा ल्याउने प्रतिवद्धता व्यक्त गरेको टोलीमा सहभागी रामशरण यादवले बताए ।

प्रधानमन्त्री प्रचण्डको भनाइ उद्धृत गर्दै टोलीमा सहभागी यादवले भने, 'हत्या गर्नेलाई कारवाही हुन्छ, गौर घटनाका मृतकलाई सहीद घोषणा गर्ने तथा परिवारजनलाई सरकारी जागिर दिने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।'

प्रधानमन्त्री प्रचण्ड भेट्नु अघि पीडितहरूको टोली सोममार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई पनि भेटेका थिए । आजपाको जिल्ला अध्यक्ष त्रिभुवन साहको नेतृत्वमा गएको टोलीमा गौर घटनामा मृत्यु भएका बौधिमाई नगरपालीकाको नर्मदेश्वर उपाध्यायको श्रीमती रुपसागर देवी उपाध्याय, रामशरण यादवलगायत पाँचजना रहेका छन् ।



२०६३ साल चैत्र ७ गते रौतहटको सदरमुकाम गौरस्थित राईसमिलको फिल्डमा मधेशी जनाधिकार फोरम र तात्कालीन नेकपा माओवादी एउटै स्थानमा छुट्टै मार्च बनाएर सभा गर्न लाग्दा दुई पक्ष बीच झडप हुदा २७ जना माओवादी कार्यकर्ताको घटनास्थलमै र एकजनाको उपचारका क्रममा मृत्यू भएको थियो । यस झडपमा कैयौँ घाइते भएका थिए । घटनामा बाँसको चारपाटे भाठा र हतियार समेत प्रयोग भएको थियो ।

# राजविराज नगरपालिकामा अख्तियार

मधेशदृष्टि
राजविराज

स्थानीय शासन सञ्चालन ऐन विपरीत कर्मचारी भर्ना गरेको भन्दै राजविराज नगरपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान थालेको छ।

कार्यबाहक नगरप्रमुख इसरत परविन र प्रमुख प्रशासकीय अधिकृतको मिलोमतोमा मनपर्दी दैनिक ज्यालादारी कर्मचारी नियुक्त गरेको बारे अख्तियरले अनुसन्धान थालेको हो ।विभिन्न संचारमाध्यममा राजविराज नगरपालिकाले ऐन विपरीत ज्यालादारी कर्मचारी नियुक्त गरेको भन्दै सामाचार लेखेपछि अख्तियारले प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीमाथि अनुसन्धान थालेको जानकारी दिए।

अख्तियार आयोग इटहरीले राजविराज नगरपालिकालाई पत्र लेख्दै नगरपालिकाले कुन आधारमा दैनिक ज्यालादारी कर्मचारी नियुक्त गरेको भनि कागतपत्र झिकाएको छ। राजविराज नगरपालिका वडा नम्बर १ का इन्जिनियर मो. फिरोज अलीलाई गत वैशाख १५ गतेदेखि अधिकृत छैठौं तहमा दैनिक ज्यालादारीमा नियुक्ति दिएको सम्बन्धित सम्पूर्ण कागजात अख्तियारले मगाएको छ। यसबारे राय-प्रतिक्रिया पठाउन राजविराज नगरपालिकालाई पत्रसमेत पठाएको छ । आयोगले १५ दिनभित्रमा जवाफ पठाउन नगरपालिकालाई भनेको छ।

यता नगर प्रमुख भीमराज यादवविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेपछि उनी निलम्बित छन् । कार्यवाहक नगरप्रमुख उपप्रमुख इसरत परविनले हालसम्म तीनजनालाई आफ्नो तोकादेशमा दैनिक ज्यालादारीमा नियुक्ति दिएकी छिन्।

उनले राजविराज- १ की इशा परबिनलाई असोज ४ गते, मोहम्मद सलाउद्दिनलाई असोज ९ गते र राजविराज- २ का हरिनारायण साहलाई असोज ११ मा नियुक्ति दिइन् । निशालाई दैनिक एक हजार ९६ रुपैयाँ तलब दिने गरी कम्प्युटर अपरेटरमा नियुक्ति दिएको छ।

त्यस्तै सलाउद्दिनलाई दैनिक सात सय रुपैयाँ दिने गरी कार्यालय सहयोगी तथा हरिनारायणलाई दैनिक एक हजार एक सय ५७ रुपैयाँ दिने गरी सहायकस्तरको पाँचौं तहमा नगरपालिकाले नियुक्ति दिएको छ।

# लुटेराले लुटे एनएमबी बैंक

मधेशदृष्टि
जलेश्वर।

महोत्तरीमा एक निजि बैंकमा दिउँसै लुटपाट भएको छ।

जिल्लाको महोत्तरी गाउँपालिका वडा नम्बर २ को बजारस्थित एनएमबी बैंकमा लुटपाट भएको हो।

४ जनाको समूहमा बैंकमा हतियारसहित प्रवेश गरेका नकाबधारीले ३८ लाख रुपैयाँभन्दा बढी रकम लुटपाट गरी फरार भएका छन्।

मंगलबार दिउँसो करिब १२ बजेको समयमा बैंकमा प्रवेश गरेको उक्त हतियारधारी समूहले बैंकका कर्मचारी तथा सेवाग्राहीलाई नियन्त्रणमा लिई पैसा लुटेको प्रत्यक्षदर्शीहरुले जानकारी दिएका छन् । उनीहरु सबैसँग घरेलु पिस्तोल रहेको बुझिएको महोत्तरी प्रहरीले जनाएका छन्।







महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले जनाएअनुसार ४ जनाको लुटेराको समूहले बैंक कर्मचारीलाई पेस्तोल देखाएर रकम लुटेको बताए।

बैंक लुटेपछि उनीहरू मोटरसाइकलमा भागेका थिए । महोत्तरी प्रहरीले विभिन्न ठाउँमा सर्च अभियान जारी राखेको प्रहरी उपरीक्षक मल्लले बताए।

उनले प्राप्त सीसीटीभी फुटेजको अध्ययन भइरहेको र लुटेराहरू भाग्न सक्ने रुटमा समेत व्यापकरुपमा खोजतलास जारी रहेको बताए।

लुटेराहरु बैंक लुटेर फरक फरक बाटो हुँदै फरार भएको प्रत्यक्षदर्शीको भनाइ छ।





# घरघर पुग्दै सुत्केरी खोज्दै

***बर्थिङ सेन्टरमा सुत्केरी गराउन उत्प्रेरित गर्ने उद्देश्यका साथ सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालनमा ल्याएको नवराजपुर गाउँपालिका उपाध्यक्ष पुनमकुमारी यादवले जानकारी दिइन्।***



मधेशदृष्टि
सिरहा।

सिरहाको एक स्थानीय तहमा केही दिनदेखि जनप्रतिनिधिहरु घर घर चहार्दै सुत्केरी खोज्दै हिडेका छन्।

जिल्लाको नवराजपुर गाउँपालिकामा सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम मार्फत जनप्रतिनिधिले पोषिलो खानेकुरा, बच्चाका लागि कपडा र तीन हजार पाँच सय रुपैयाँ लिएर सुत्केरीको घरमा पुग्दा स्थानीय महिला हर्षित भएकी छन्।

सुरक्षित मातृत्वका लागि गर्भवतीलाई चार चरणमा स्वास्थ्य परीक्षण गराउनुपर्ने हुन्छ । बर्थिङ सेन्टरमा सुत्केरी गराउन उत्प्रेरित गर्ने उद्देश्यका साथ सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालनमा ल्याएको नवराजपुर गाउँपालिका उपाध्यक्ष पुनमकुमारी यादवले जानकारी दिइन्।

नवराजपुर गाउँपालिका वडा नम्रब ३ स्थित फूलवरिया बस्ने पुष्पा यादवले 'सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम'बाट बच्चालाई कुपोषण हुनबाट कसरी जोगाउन सकिन्छ भन्ने जानकारी पनि प्राप्त हुदाँ कार्यक्रम उपलब्धिमूलक रहेको प्रतिक्रिया दिइन्।

स्वास्थ्यचौकी देवीनगरका प्रमुख सञ्जीव यादवले शिशु अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म प्रमाणपत्र वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपीको अधारमा सेवा उपलब्ध गराइरहेको बताए।

उनले ग्रामीण भेगमा अझै पनि महिला घरमै सुत्केरी हुने गरेकोले शिशु मृत्युदर तथा पोषणसमबन्धी जानकारी अभावमा कुपोषित बच्चा जन्म हुने गरेको बताए।

नवराजपुर गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमका लागि आर्थिक वर्ष ०७९/०८० का लगि १० लाख रुपैयाँ छुट्याएको छ।

# विद्यालयलाई १२ थान कम्प्युटर



मधेशदृष्टि
वीरगंज।

पर्साको विन्दाबासिनी गाउँपालिकाले एक विद्यालयमा एक दर्जन कम्प्यूटर वितरण गरेको छ।

जिल्लाको विदाबासिनी गाउँपालिका वडा नम्बर ३ स्थित श्रीराम स्वरूप रामपृत चौरसिया माध्यमिक विद्यालय झौवालाई १२ थान कम्प्युटर उपलब्ध गराएको हो।

गाउँपालिका अध्यक्ष प्रमोद तिवारीको निर्देशनमा प्रमुख प्रशासकिय अधिकृत राजु साहले विद्यालयका प्रधानाध्यापक रामचन्द्र महतोलाई उक्त कम्प्युटर हस्तान्तर गरेका थिए। छात्र/छात्रालाई अध्ययन अध्यापनमा सहज हुने र सदुपयोग गर्दा ज्ञानवर्द्धक हुने भएकाले गाउँपालिकाको शिक्षा क्षेत्रलाई आधुनिकीकरण गरी सम्पुर्ण विद्यार्थीको प्राबिधिकसम्ममा पहुँच हुने लक्ष्य रहेको अध्यक्ष तिवारीले बताए।

यस कार्यक्रममा नेपाल शिक्षक संघका अध्यक्ष नन्दु कुमार प्रसाद यादव, शिक्षकहरू सञ्जय सर्राफ, सुकदेव प्रसाद चौरसिया, शिव कुमार कलवार, अमोद दास तत्वा, प्रमोद चौहान, बिनोद चौरसिया, धनिलाल दास तत्वा, अरबिन्द ठाकुर, अनुपा पटेल, मुकलेश गद्दी, संजय गुप्ता लगायतको उपस्थिती रहेको थियो।

# आगलागीबाट लाखौंको क्षती मेयरद्वारा सहयोग



मधेशदृष्टि
रौतहट।

रौतहटमा एक घरमा आगलागी हुदाँ लाखौँको क्षती भएको । जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर ९ स्थित धाराहरुमा भागवत साह कानु र नन्हक साह कानुको घरमा आगलागी हुदाँ घरभित्र रहेको अन्नपात लत्ताकपडा गरी कुल १० लाख रुपैयाँ बराबरको क्षति भएको हो।

गएराति १२ बजे घरभित्र बालिएको घुरबाट आगो सल्केर आगलागी भएको थियो। सो आगलागी भएपछि स्थानीय र प्रहरीले संयूक्तरुपमा नियन्त्रणमा लिएको थियो।

यसैबीच मेयर प्रेमलाल साह र उपमेयर परानिया देवी पीडितको घरमा पुगेर खाद्यान तथा लत्ता कपड़ालगायत विभिन्न बन्दोबस्तीका सामग्रीहरु सहयोग गरेका छन्।

अल्छी लाग्न सक्छ तर दिइएको जिम्मेवारी र समयसीमा अघि नै अल्छीपना देखाउनु झन डरलाग्दो संकेत हो।

- जुल्स रेनर्ड

## सम्पादकीय

# बजेटको ढर्रा

सरकारले बजेट ल्याएको छ । बजेटमा थुप्रै विषयबस्तु समेटिएका छन् । कोही खुशी छन्, कोही दुःखी छन् । कोहीले कार्यान्वयन हुन्न कि भनेर चिन्ता गरेका छन् । कोहीले पुरानै संरचना हो भनेका छन् । यो परम्परागत शैलीका प्रतिक्रियामा कुनै प्रतिक्रिया दिनु व्यर्थ छ । बजेट जस्तो ल्याइयो, त्यस्तै प्रतिक्रिया दिनेहरु पनि छन् । प्रतिक्रिया दिनेहरुले पहिले नै सरकारलाई भेटेर बजेट यस्तो हुनुपर्छ भनिसकेका हुन्छन् । त्यहाँ बजेटमा आफ्नो माग पूरा भए गजब भनेर प्रतिक्रिया आउँछ । परेन भने बजेट कर्मकाण्डी भयो भनेर प्रतिक्रिया आउँछ । यही हो अहिलेसम्मको बजेट ल्याउने र प्रतिक्रिया दिनेहरुको अवस्था । यो भन्दा नयाँ केही देखिएको छैन र देखिने पनि छैन । किनभने औसत कर्मकाण्डी अवतारबाट कोही बाहिर छन् जस्तो देखिएको छैन । यथास्थितिमा प्रतिक्रिया दिएर मिडियामा खपत हुने बहाना मात्रै हो । यो बहाना पनि केही दिनलाई हो ।

व्यवसायीहरु भनिरहेका छन् कि कोरानाकालको संकटको बेलाबारे यो वर्ष पनि बजेटमा केही आएन । त्यतिखेरको समस्या यतिखेरसम्म सम्बोधन भएन । लगानीमैत्री वातावरण बन्न सकेन । सरकारले व्यवसायीलाई दिनु पर्ने छुटहरुमा सम्बोधन भएन । आदि इत्यादि कुराहरुमै प्रतिक्रिया सीमित छन् । सरकारले बनाएको बजेट कार्यान्वयनमा समस्या छ । अहिलेसम्म जम्मा ३४ प्रतिशत खर्च गर्ने बजेटको ठूलो आकार किन भनेर कोही पनि आलोचना गर्दैनन् । खर्चै नहुने बजेट र योजना बनाएर सरकार हरेक वर्ष जनतालाई ठूलो आँकडा दिइरहेको छ । त्यो आँकडाभित्र कयौँ काम भएका छैनन् । नभएका काममा ठूलो रकम फ्रिज भइरहेको छ । गाउँमा झोलुंगे पुल माग्नेहरुले पुल पाएका छैनन् । सहरमा ठूला योजनाका पूलको काम अर्को वर्षलाई सारिएको छ । यस्ता कयौँ शीर्षकहरु छन्, जसले बजेट कार्यान्वयनमा समस्या पारिरहेको छ । यस्तो अवस्थामा कहिल्यै पनि बजेटको विरोध भएको सुनिन्न । वश हाम्रा पक्षमा बजेट परेन भन्नेबाहेक एउटा गतिलो जनमुखी बजेट यस्तो हुनुपर्छ भनेर सुझाव दिनेहरु देशमा अभाव देखिन्छ ।

जे होस् बजेट आएको छ । बजेटमा सम्बोधन गरिनु पर्ने कयौँ मुद्दाहरु पछि रकमान्तर गरेर पनि सम्बोधन गर्ने चलन छ । त्यसैले हतारिएर खत्तम बजेट भन्नु पर्ने पनि होइन । अर्कातिर एउटा दलको सरकारले त कनिका छरे झैँ बजेट ल्याउने मुलुकमा यो त गठबन्धनको सरकार हो । त्यसैले कनिका पनि पिठो बनाएर छर्नु पर्ने बाध्यता पनि सरकारका होलान् । अर्कातिर उद्योगी व्यवसायी पनि एउटा एउटा पार्टीका हाँगो समाएर बजेट बनाउने ठाउँसम्म पहुँच राख्छन् नै । त्यसैले बनेको बजेट कार्यान्वयन होस्, कार्यान्वयन हुन नसक्ने बजेट नबनोस् भनेर खबरदारी गर्नु नै अब सबैको हित हुने देखिन्छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# नेपालको जनसंख्यामा मधेशको सबाल



• सञ्जय साह मित्र

**नेपालको साक्षरता दर ७६.२ रहँदा पुरुष साक्षरता दर ८३.६ र महिला साक्षरता दर ६९.४ रहेको छ । कोशी प्रदेशको कुल साक्षरता दर ७९.७ रहँदा पुरुष साक्षरता दर ८६.१ र महिला साक्षरता दर ७३.६ रहेको छ । मधेश प्रदेशको कुल साक्षरता दर ६३.५ रहँदा पुरुष साक्षरता दर ७२.५ र महिला साक्षरता दर ५४.७ रहेको छ । महिला र पुरुष तथा औसत सबै साक्षरता दर देशको सबै प्रदेशको तुलनामा मधेशमा निकै कम रहेको देखिएको छ । यसै गरी बागमती प्रदेशको कुल साक्षरता दर ८२.१ रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८८.३ र महिला साक्षरता दर ७६ रहेको छ ।**

नेपालको जनसंख्या अघिल्लो दशकको तुलनामा वृद्धि भएको छ । हरेक दश वर्षमा हुने राष्ट्रिय जनगणनामध्ये पछिल्लो जनगणना २०७८ मा भएको थियो । जनगणनाको मुख्य गरी जनगणनासम्बन्धी परिणाम आइसकेको छ । अघिल्लो दशक २०६८को जनगणनाको अन्तिम परिणामलाई आधार मानेर हेर्दा नेपालमा ०.९२ प्रतिशतले वार्षक रुपमा जनसंख्या वृद्धि भएको देखिएको छ अर्थात् नेपालमा वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ । जनगणनाको अन्तिम नतिजा आइसकेको छ तर अझै पनि जाति, भाषा, धर्म लगायतका केही तथ्यांकको परिणाम आउन बाँकी छ । जनगणनाको अन्तिम परिणाम आइसक्दा धेरै दृष्टिकोणले विश्लेषण गरिएको पाइन्छ । यस आलेखमा नेपालको जनसंख्याको सन्दर्भमा मधेशको जनसंख्याको विषयमा सामान्य विश्लेषण गरिनेछ ।

नेपालको कुल जनसंख्या २ करोड ९१ लख ६४ हजार ५७८ रहेको छ । यीमध्ये १ करोड ४२ लाख ५३ हजार ५५१ पुरुष छन् भने १ करोड ४९ लाख ११ हजार ०२७ महिला छन् । नेपालमा महिलाभन्दा पुरुष करिब दुई प्रतिशतले कम अर्थात् पुरुषभन्दा महिला करिब दुई प्रतिशतले बढी रहेको देखिएको छ । नेपालमा ४८.९८ प्रतिशत पुरुष हुँदा ५१.०२ प्रतिशत महिलाको प्रतिशत कायम भएको देखिएको छ । नेपालमा कुल जनसंख्याको ०.००१ प्रतिशत अन्य लिंगका मानिस रहेका छन् जसको वास्तविक संख्या २९२८ रहेको छ । कुल जनसंख्यामा अन्य लिंगीको जनसंख्यालाई जैविक लिंगको आधारमा पुरुषलाई पुरुष र महिलालाई महिलामा नै गणना गरिएको पनि बताइएको छ ।

नेपाल तिन किसिमको भूगोल भएको देश हो । भौगोलिक क्षेत्रअनुसार पनि जनसंख्याको विश्लेषण गरिएको छ । सबैभन्दा बढी तराईमा जनसंख्याको चाप देखिएको छ भने सबैभन्दा कम चाप हिमालमा देखिएको छ । हिमालमा कुल जनसंख्याको ६.०८ प्रतिशत मानिस बसोबास गर्दछन् जुन १७ लाख ७२ हजार ९४८ रहेको देखिएको छ । हिमालको तुलनामा पहाडमा जनसंख्या निकै रहेको छ । पहाडमा कुल जनसंख्याको ४०.३१ प्रतिशत मानिस बसोबास गर्दछन् । पहाडमा बसोबास गर्ने मानिसको संख्या १ करोड १७ लाख ५७ हजार ६२४ रहेको देखिएको छ । तराईको जनसंख्या १ करोड ५६ लाख ३४ हजार ००६ रहेको देखिएको छ जुन ५३.६१ प्रतिशत रहेको छ । नेपालको हिमाल र पहाड गरी जति जनसंख्या छ, दुवैलाई एक ठाउँमा जोड्दा पनि तराईको जनसंख्या बढी हुने देखिन्छ ।

नेपालमा औसत जनघनत्व १९८ प्रतिवर्गकिलोमिटर रहेको देखिएको छ । नेपालको औसत जनघनत्वसित पहाडकै जनघनत्व मिल्ने देखिन्छ । हिमालमा भने निकै कम र तराईमा भने निकै बढी भएको देखिएको छ । हिमालमा प्रति वर्गकिलोमिटर ३४ जनाको औसत बसोबास देखिएको छ भने पहाडमा प्रति वर्गकिलोमिटर १९२ को बसोबास रहेको देखिन्छ तर तराईमा भने प्रति वर्गकिलोमिटर ४६० जनाको बसोबास रहेको तथ्यांकले देखाउँछ । हिमाल र पहाडको हेरी तराईमा परिवारको आकार ठूलो रहेको देखिएको छ । हिमालमा औसत ४.३३ जना, पहाडमा ३.९९ जना र तराईमा ४.७३ जना औसत रहेको देखिएको छ । तराईमा औसत परिवारको आकार हिमाल र पहाडभन्दा ठूलो रहेको देखिएको छ । हिमाल र तराईको भन्दा पहाडको औसत साक्षरता दर बढी रहेको छ । हिमालको साक्षरता दर ७२.८ र तराईको साक्षरता दर ७३.१ हुँदा पहाडको साक्षरता दर ०.९ रहेको छ जबकि नेपालको औसत साक्षरता दर ७६.२ रहेको देखिएको छ । नेपालमा पछिल्लो संरचनाअनुसार गाउँपालिकामा बस्ने र नगरपालिकामा बस्ने जनसंख्यामा धेरै फरक देखिएको छ । नेपालको नगरपालिकामा ६६.१७ प्रतिशत जनसंख्या बसोबास गर्दछन् । कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या यस हिसाबले सहरी क्षेत्रमा बसोबास गर्दछन् जुन १ करोड ९२ लाख ९६ हजार ७८८ रहेका छन् भने गाउँपालिकामा ९८ लाख ६७ हजार ७९० जनसंख्या जुन करिब एक तिहाई अर्थात् ३३.८३ प्रतिशत हुन आउँछ, बसोबास गर्छन् । साक्षरताको दृष्टिकोणले गाउँपालिका र नगरपालिकामा खासै भिन्नता रहेको पाइएको छैन । नेपालको औसत साक्षरता दर ७६.२ रहेकोमा गाउँपालिकाको साक्षरता दर ७१.९ र नगरपालिकाको साक्षरता दर ७८.५ रहेको छ ।

अब प्रदेशगत जनसंख्यालाई विचार गरौँ । नेपालमा सात प्रदेश रहेका छन् । सात प्रदेशमध्ये सबैभन्दा बढी जनसंख्या बागमती र मधेश प्रदेशमा रहेको देखिएको छ । यी दुई प्रदेशको जनसंख्यालाई मिलाउने हो भने देशको चालिस प्रतिशत जनसंख्याभन्दा बढी हुन आउँछ । कोशी प्रदेशमा ४९ लाख ६१ हजार ४१२ जनसंख्या रहेका छन् । मधेश प्रदेशमा ६१ लख १४ हजार ६०० जनसंख्या हुँदा बागमती प्रदेशमा ६१ लख १६ हजार ८६६ जनसंख्या रहेका छन् । मधेशभन्दा बागमतीमा २२६६ जनसंख्या मात्र बढी रहेको देखिएको छ । गण्डकी प्रदेशमा २४ लाख ६६ हजार ४२७ जनसंख्या रहेको छ भने कर्णालीमा १६ लाख ८८ हजार ४१२ जनसंख्या रहेको देखिएको छ । यसै गरी सुदूरपश्चिम प्रदेशमा २६ लाख ९४ हजार ७८३ जनसंख्या रहेका छन् । सातै प्रदेशको जनसंख्यालाई प्रतिशतमा हेर्ने हो भने कोशीमा १७.०१ प्रतिशत, मधेश र बागमतीमा करिब समान २०.९७ प्रतिशत, गण्डकीमा .४६




प्रतिशत, लुम्बिनी प्रदेशमा १७.५६ प्रतिश, कर्णालीमा ५.७९ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ९.२४ प्रतिशत जनसंख्या बसोबास गर्दछन् । प्रदेशगत जनसंख्या वृद्धिदरलाई हेर्ने हो भने मधेश र लुम्बिनी प्रदेशको जनसंख्या वृद्धिदर करिब समान देखिएको छ । देशमा सबैभन्दा बढी जनसंख्या वृद्धिदर लुम्बिनी प्रदेशमा देखिएको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा देखिएको छ । कोशी प्रदेशको ०.८६, मधेश प्रदेशको १.१९, बागमती प्रदेशको ०.९७, गण्डकी प्रदेशको ०.२५, लुम्बिनी प्रदेशको १.२४, कर्णाली प्रदेशको ०.७० तथा सुदूरपश्चिम प्रदेशको ०.५२ जनसंख्या वृद्धिदर रहेको छ । नेपालको औसत जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत वार्षिक रहेको छ ।

प्रदेशगत दृष्टिकोणले जनघनत्वलाई विचार गर्ने हो भने मधेश प्रदेशको जनघनत्व निकै उच्च रहेको छ । भूगोलको दृष्टिकोणले मधेशको भूगोल सबै प्रदेशको भन्दा सानो भएको तथा जनसंख्या उच्च भएकोले यहाँको जनघनत्व सबैभन्दा उच्च भएको देखिएको छ । कोशी प्रदेशमा १९२, मधेश प्रदेशमा ६३३, बागमती प्रदेशमा ३०१, गण्डकी प्रदेशमा ११५, लुम्बिनी प्रदेशमा २३०, कर्णाली प्रदेशमा ६० तथा सुदूरपश्चिम प्रदेशमा १३८ देखिएको छ । कर्णाली प्रदेशको तुलनामा मधेशमा दश गुनाभन्दा बढी जनघनत्व रहेको छ । यसै गरी औसत परिवारको दृष्टिकोणले मधेश प्रदेशमा सबैभन्दा ठूलो परिवार देखिएको छ । नेपालमा परिवारको औसत आकार ४.३७ रहेको छ । कोशीमा ४.१६, मधेशमा ५.२९, बागमतीमा ३.८९, गण्डकीमा ३.७२, लुम्बिनीमा ४.४९, कर्णालीमा ४.६१ र सुदूरपश्चिममा ४.६७ रहेको देखिएको छ ।

साक्षरता दरमा मधेश प्रदेश सबै प्रदेशभन्दा पछाडि परेको छ । नेपालको औसत साक्षरता दरभन्दा मधेश निकै पछाडि छ । नेपालको साक्षरता दर ७६.२ रहँदा पुरुष साक्षरता दर ८३.६ र महिला साक्षरता दर ६९.४ रहेको छ । कोशी प्रदेशको कुल साक्षरता दर ७९.७ रहँदा पुरुष साक्षरता दर ८६.१ र महिला साक्षरता दर ७३.६ रहेको छ । मधेश प्रदेशको कुल साक्षरता दर ६३.५ रहँदा पुरुष साक्षरता दर ७२.५ र महिला साक्षरता दर ५४.७ रहेको छ । महिला र पुरुष तथा औसत सबै साक्षरता दर देशको सबै प्रदेशको तुलनामा मधेशमा निकै कम रहेको देखिएको छ । यसै गरी बागमती प्रदेशको कुल साक्षरता दर ८२.१ रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८८.३ र महिला साक्षरता दर ७६ रहेको छ । बागमती प्रदेशमा औसत साक्षरता दर देशको अन्य प्रदेशको तुलनामा बढी रहेको छ । गण्डकी प्रदेशको कुल साक्षरता दर ८१.७ रहेको छ जसमा पुरुष साक्षरता दर देशको सबैभन्दा बढी ८८.८ र महिला साक्षरता दर ७५.३ रहेको छ । यसै गरी लुम्बिनी प्रदेशको कुल साक्षरता दर ७८.१ रहेको छ जसमा पुरुष साक्षरता दर ८५.२ र महिला साक्षरता दर ७१.७ रहेको छ । यसै गरी कर्णाली प्रदेशको कुल साक्षरता दर ७६.१ रहेको छ जसमा पुरुष साक्षरता दर ८३.३ र महिला साक्षरता दर ६९.४ रहेको छ । यसै गरी सुदूरपश्चिम प्रदेशको कुल साक्षरता दर ७६.२ रहेकोमा पुरुष साक्षरता दर ५.४ र महिला साक्षरता दर ६८.२ रहेको छ । साक्षरता दरकै दृष्टिकोणले हेर्ने हो भने मधेश प्रदेशका जिल्लाहरु देशमा न्युन साक्षरता दर भएको जिल्लामा पर्दछन् । देशमा सबैभन्दा बढी साक्षर भएको जिल्ला काठमाडौँ हो जहाँ ८९.२३ प्रतिशत साक्षरता दर रहेको छ भने सबैभन्दा कम साक्षरता दर भएको जिल्ला मधेश प्रदेशकै रौतहट हो जाहाँ ५७.७५ साक्षरता दर रहेको छ । उसो त देशको सबैभन्दा बढी साक्षरता दर भएका पाँच जिल्लामा काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की र चितवन पर्दछन् भने देशको सबैभन्दा कम साक्षरता दर भएका पाँच जिल्लामा रौतहट, महोत्तरी, सर्लाही, हुम्ला र बारा पर्दछन् । यसै गरी देशको सबैभन्दा बढी जनघनत्व भएका पाँच जिल्लाहरुमा काठमाडौँ, भक्तपुर, ललितपुर, रुपन्देही र सुनसरी पर्दछन् भने सबैभन्दा कम जनघनत्व रहेको पाँच जिल्लामा मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला र मुगु रहेका छन् । काठमाडौँको जनघनत्व ५१६९ हुँदा मनाङको जनघनत्व ३ मात्र रहेको छ भने मुस्ताङको जनघनत्व ४ र डोल्पाको जनघनत्व ५ रहेको छ ।

जिल्लागत जनसंख्या वृद्धिदरको हिसाबले सबैभन्दा बढी रुपन्देही जिल्लाको वृद्धिदर रहेको छ । रुपन्देहीको वृद्धिदर २.३३, झापाको वृद्धिदर १.९७, सुनसरीको वृद्धिदर १.८६, मोरङको १.६६ र काठमाडौँको १.५१ रहेको छ । गत दश वर्षका सबैभन्दा बढी ७ प्रतिशत काठमाडौँको जनसंख्या वृद्धि भएको छ भने मोरङको ३.९४, रुपन्देहीको ३.८५, झापाको ३.४२ र सुनसरीको ३.१८ प्रतिशतले वृद्धि भएको छ । सबैभन्दा कम जनसंख्या वृद्धि भएका जिल्लामा मनाङ, मुस्ताङ, डोल्पा, रसुवा र हुम्ला रहेका छन् । मनाङमा ऋणात्मक वृद्धिदर देखिएको छ भने मुस्ताङमा ०.६९, रसुवामा ०.७२, हुम्लामा ०.८२ वृद्धिदर देखिएको छ । यसै गरी देशको सबैभन्दा बढी जनसंख्या भएको नगरपालिकामा काठमाडौँ महानगरपालिका, पोखरा महानगरपालिका, भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका र वीरगन्ज महानगरपालिका रहेका छन् । सबैभन्दा कम जनसंख्या भएका गाउँपालिका मनाङ र मुस्ताङमा रहेका छन् । मनाङको नार्पा भूमि गाउँपालिकाको कूल जनसंख्या ३९६ रहेको बताइएको छ भने मनाङकै चामे गाउँपालिकाको जनसंख्या १२७६, मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाको जनसंख्या १२९२, मुस्ताङकै लोमन्थाङ गाउँपालिकाको जनसंख्या १४३० तथा मनाङकै मनाङ डिस्याङ गाउँपालिकाको जनसंख्या १९९५ रहेको बताइएको छ ।

नेपालको जनसंख्यामा मधेश प्रदेशको जनसख्याको हिस्सा ठूलो रहेको छ । अत्यन्त कम भूगोलमा अत्यधिक जनघनत्व रहेको मधेश प्रदेशको आठ जिल्लाको जनसंख्या निरन्तर बढेको छ । यस प्रदेशको जनसंख्या निरन्तर वृद्धि भइरहँदा जनसंख्याको वृद्धि के कारणले भएको हो ? खोजनीधि गर्नु परेको छ । देशका कतिपय जिल्लामा जनसंख्या कम भएको र कतिपय जिल्लामा निकै धेरै बढेको पाइएको छ । मधेश प्रदेशको हरेक जिल्लामा जनसंख्या बढेको र देशको अन्य जिल्लाको तुलनामा मधेशका जिल्लामा साक्षरता दर कम रहेको अवस्थाको पनि कारण खोज्नु परेको छ । निरक्षरता बढी हुनु र जनसंख्या बढी हुनु दुवैमा रहेका अन्तरसम्बन्धबारे विश्लेषण हुनु जरुरी छ । मधेशको भूगोलमा जनसंख्याको चाप बढ्दै जाँदा स्रोत र साधनमाथि परेको चापबारे पनि छलफल हुनु आवश्यक छ । यहाँको प्राकृतिक स्रोत र साधनको उपयोगको अवस्था कस्तो छ र मानवीय साधनको उपयोगको अवस्था कस्तो रहेको छ भन्ने विषयमा पनि गम्भीर हुनु परेको छ । मधेशको जनसंख्या अहिले ठिक छ कि अहिले बढी भइसक्यो कि आदर्श जनसंख्या हुन बाँकी छ जस्ता पक्षहरु पनि विचारणीय हुनुपर्छ । न्युन वा अधिक जनसंख्याको असर कहाँनेर परिरहेको छ भन्ने विषय पनि अब बहसमा आउनु परेको छ किनभने जनसंख्याको बारेमा सर्वसाधारणले विश्लेषात्मक रुपले थाहा पाउँदा उसको मनोविज्ञानदेखि भविष्यको योजना बनाउनमा सहयोग पुग्ने हुन्छ । बुद्धिजीवीहरुको ध्यान जानु अहिलेको आवश्यकता देखिएको छ ।

# ‘लम्पी स्किन’ बाट धमाधम पशु मर्दै

## छ सय ४६ पशुमा लम्पीस्किन, ४३ मरे

**रासस**
**तनहुँ ।**
अहिले देशैभर पशुमा लम्पीस्किन फैलिँदै गएको छ । तनहुँमा पनि हाल लम्पीस्किन फैलिँदै गइरहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।
यही जेठ १४ गतेसम्म तनहुँमा छ सय ४६ गाईगोरुमा लम्पीस्किनको सङ्क्रमण देखिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिए ।
जिल्लाका १० वटै पालिकामा लम्पीस्किन फैलिएको र लम्पीस्किनको सङ्क्रमणबाट आँबुखैरेनी गाउँपालिका बढी प्रभावित रहेको डा श्रेष्ठले बताए । उनका अनुसार आँबुखैरेनीमा दुई सय ३५, भिमाद नगरपालिकामा एक सय ८५, देवघाट गाउँपालिकामा ३८, घिरिङ गाउँपालिकामा ८७, शुक्लागण्डकी नगरपालिकामा ४५, बन्दीपुर गाउँपालिकामा २४, भानु नगरपालिकामा २१ र व्यास नगरपालिकामा १० पशु लम्पीस्किनको सङ्क्रमणबाट प्रभावित भएका छन् । म्याग्दे गाउँपालिकाको हालसम्म तथ्याङ्क नआएको उनले बताए ।



**रासस**
**जलेश्वर।**
महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाको एउटै वडामा एक सय ५० बढी गाईगोरुमा ‘लम्पी स्किन रोग’ देखा परेको छ । बर्दिबास-१० खयरमारामा स्थानीयले पालेका गाईगोरुमा लम्पी स्किन रोग देखिएको स्थानीय पशुपालक कृष्णबहादुर थापाले बताए।
उनका अनुसार विगत १०-१५ दिनदेखि गाउँमा रोगले समस्या हुँदै गएको र अहिलेसम्म १० पशु मरिसकेको छन् । केही दिनदेखि पशुको छालामा अचानक नयाँ खालको सङ्क्रमण देखिन थालेको, जीउभरि गिर्खा आउन थालेको, घाउजस्तो भएर पिप बग्न थालेको, उच्च ज्वरोलगायतका लक्षण देखिएको र अहिलेसम्म १० पशु मरिसकेको स्थानीय पशुपालक वीरेन्द्र थापाले बताए।
बर्दिबास नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले खयरमाराका पशुमा लम्पी स्किन देखिएको र यसको रोकथाम र उपचारका लागि पशु चिकित्सकसँग परामर्श सहित आवश्यक औषधिको व्यवस्थापन गर्न लागेको बताए । महोत्तरीमा रहेको १५ स्थानीय तहमध्ये अधिकांश स्थानीय तहमा लम्पी स्किन रोग फैलिएको जनाइएको छ । जिल्लाभर यस रोगबाट अहिलेसम्म करिब २० गाईगोरु मरेका छन्।
लम्पी स्किन रोग अहिले जिल्लाभरि फैलिँदासमेत भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र महोत्तरीले चासो नदेखाएको पशु पालक किसानले गरेका छन् । लम्पी स्किन सङ्क्रमित पशुको शरीरका भागमा गिर्खा आउने, घाउ हुने पाक्ने, पिप बग्ने, उच्च ज्वरो आउने लक्षण देखिएको छ भने लम्पी स्किन रोगले सबैभन्दा बढी दुधालु गाईलाई प्रभावित पार्ने गरेको जनाइएको छ। लम्पी स्किन लागेका पशुबाट दूध उत्पादनमा ५० प्रतिशत बढी ह्रास आउने छ।
पशुसेवा विज्ञ केन्द्रका सूचना अधिकारी सूर्यदेव यादवले रोग नियन्त्रणका लागि आवश्यक प्रयास भइरहेको बताए।

# पोखरामा पाटाको वार्षिक शिखर सम्मेलन तथा एड्भेन्चर मार्ट

**रासस**
**गण्डकी ।**
पर्यटकीय नगरी पोखरामा एसिया प्रशान्त क्षेत्रका ट्राभल सङ्घ-संस्थाको छाता संस्था ‘प्यासिफिक एसिया ट्राभल एसोसिएसन’ (पाटा) को वार्षिक शिखर सम्मेलन तथा एड्भेन्चर मार्ट-२०२३ मंगलबारदेखि सुरु भएको छ ।
चार दिनसम्म चल्ने सम्मेलनमा नेपालसहित २१ देशका दुई सय ५० भन्दा बढी प्रतिनिधिको सहभागिता छ । नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन बोर्ड तथा ‘प्यासिफिक एसिया ट्राभल एसोसिएसन’ (पाटा) को मुख्य आयोजना एवं पोखरा पर्यटन परिषद् (पीटीसी)को संयोजनमा आयोजित सम्मेलन नेपालमा पहिलोपटक आयोजना भएको हो ।
सम्मेलनले कोरोना महामारीले थलिएको पर्यटन क्षेत्र उकास्नुका साथै नेपाललाई साहसिक पर्यटकीय गन्तव्यका रुपमा चिनाउन सघाउने अपेक्षा गरिएको छ ।
सम्मेलनमा अमेरिका, बेलायत, जर्मनी, अष्ट्रेलिया, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, फिलपिन्स सिंगापुर, कोरिया, संयुक्त अरब इमिरेट, साउदी अरेबीया, भारत, पाकिस्तान, श्रीलङ्का, चीन, हङकङ, थाइल्याण्ड, ताइपेई, अजरवैजान, मलेसियालगायतका देश र नेपाल गरी २१ देशका प्रतिनिधि सहभागी रहेको आयोजकले जनाएको छ ।
सम्मेलनको उद्धाटन समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डले नेपाल प्रकृति, संस्कृति र साहसिक पर्यटनका लागि राम्रो गन्तव्य भएको बताए ।
पोखरामा आयोजित यस कार्यक्रमले नेपालको पर्यटनलाई थप चलायमान बनाउन सहयोग पुग्ने उनले बताए । उनले पोखरा निर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई कनेक्टिभिटीका लागि आआफ्नो देशमा पहल गर्न पनि पाटा प्रतिनिधिलाई उहाँले आग्रह गरे ।
मालदिभ्सका पर्यटनमन्त्री डा अब्दुल मौसुमले आफूले पोखरा साच्चीकैको साहसिक पर्यटनको गन्तव्य भएको बताउँदै हिमाल र समुद्रबीचको पर्यटनलाई जोड्न नेपाल र मालदिप्सले मिलेर काम गर्न सकिने धारणा राखे । पाटा इन्टरनेसनलका अध्यक्ष पिटर साइमोनले नेपालमा आयोजित सम्मेलनले समग्र पर्यटनका बारेमा सकारात्मक सन्देश प्रभाव गर्ने बताउँदै यसलाई सम्पन्न गर्न नेपालले गरेको सहयोगप्रति आभार व्यक्त गरे ।
पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरामा साहसिक पर्यटनको केन्द्र भएको बताउँदै अन्तर्राष्ट्रिय समुदायलाई पोखरा भ्रमण गर्न र आग्रह गरे । नेपाल पर्यटन बोर्डका बोर्ड सदस्य मदन आचार्यले पाटाले प्रकृति र संस्कृतिको धनी पोखरामा आयोजना गरेको यस कार्यक्रमले नेपाल र पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताए ।
पाटा इन्टरनेसनलका सचिव सुमन पाण्डेले पाटा इन्टरनेसनले नेपालको समग्र पर्यटन विकासमा लामो समय देखि सहयोग गर्दै आइरहेको बताउँदै यो कार्यक्रमका माध्यमबाट पनि कोभिडपछि सुस्ताएको पर्यटनलाई चलायमान बनाउन, दिगो पर्यटन विकासमा सहयोग पुग्ने धारणा राखे ।
नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले विभिन्न देशबाट सहभागी विज्ञ सदस्ययबीच हुने छलफल तथा अन्तर्क्रियासहितको पाटा मार्टले पर्यटनमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको बताए ।
पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले नेपालले आयोजना गरेको यो कार्यक्रमले आगामी दिनमा नेपालमा विदेशी पर्यटक आगमनमा समेत वृद्धि हुने बताउनुभयो । सम्मेलनमा कोभिड-१९ पछिको पर्यटन र पर्यटनका विभिन्न आयामका बारेमा समूहगत छलफल तथा बीटुबीलयागतका कार्यक्रम हुने छन् । सम्मेलनमा सहभागि हुने राष्ट्रिय अन्तर्राष्ट्रिय ट्राभल उद्योगका ख्यातिप्राप्त वक्ताले दिगो पर्यटन, सङ्कट व्यवस्थापन, हवाई सुरक्षा, सामाजिक सञ्जाल, साहसिक र पर्वतीय पर्यटनलगायतका विषयमा छलफल गरिने छ ।
सम्मेलनको अवसरमा पाटा इन्टरनेसनले आफ्नो वार्षिक कार्यक्रमअनुसार विभिन्न विधामा अवार्ड प्रदान गरेको छ । पाटाले मेम्मबरसिप अवार्डदेखि स्पेशल अवार्ड प्रदान गरेको थियो । सो अवसरमा पाटाले नेपाल पर्यटन बोर्ड तथा बोर्डका कार्यकारी प्रमुख डा रेग्मीलाई पाटा स्पेसल अवार्ड प्रदान गरेको छ । नेपालले पाटा इन्टरनेसनलको सदस्यता सन् १९७५ मा लिएको थियो ।



> **नेपालसहित २१ देशका दुई सय ५० भन्दा बढी प्रतिनिधिको सहभागिता छ । नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन बोर्ड तथा ‘प्यासिफिक एसिया ट्राभल एसोसिएसन’ (पाटा) को मुख्य आयोजना एवं पोखरा पर्यटन परिषद् (पीटीसी)को संयोजनमा आयोजित सम्मेलन नेपालमा पहिलोपटक आयोजना भएको हो ।**

# ‘पशुमा पूर्ण खोप’ प्रभावकारी

**रासस**
**डुम्रे ।**
भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट सञ्चालित ‘पशुमा पूर्ण खोप’ कार्यक्रम प्रभावकारी भएको छ । विभिन्न प्रकारका सङ्क्रामक रोग नियन्त्रण तथा निर्मूल पार्न सहयोग पुऱ्याई उत्पादन वृद्धिमा यस कार्यक्रम प्रभावकारी बनेको छ । तनहुँका १० वटै पालिकामा पशुमा पूर्णखोप कार्यक्रम सञ्चालन भएको छ । खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले सबै पालिकाका किसानले पालेका पशुलाई खोप लगाउने अभियान सञ्चालन गरेको प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिए । केन्द्रले हालसम्म तीन लाख ५६ हजार आठ सय ३५ पशुवस्तुलाई खोप लगाइएको उनले बताए । कार्यक्रम अन्तर्गत पिपिआर दुई लाख ३१ हजार आठ सय २२, खोरेत ९३ हजार दुई सय १५, चरचरे भ्यागुते ४७ हजार चार सय ८४, स्वाइन फिवर ६१ हजार नौ सय चार, रेबिज १४ हजार तीन सय १७ खोप लगाइएको उनले बताए ।
पशुधन सुरक्षाका लागि सङ्क्रामक रोग नियन्त्रणका लागि गाईभैंसीलाई खोरेत, चरचरे, भ्यागुते लगायत रोगको खोप लगाइएको केन्द्र प्रमुख डा श्रेष्ठले बताए । उनका अनुसार सङ्घ सरकारको पशुसेवा विभाग र गण्डकी प्रदेश सरकारको पशुपक्षी तथा मत्स्य विकास निर्देशानालयको सहयोगमा खोप लगाइएको हो ।
‘पशुधन सुरक्षाका लागि किसानका पशु फार्म तथा गोठमा पुगेर पशुचौपायाको तथ्याङ्क सङ्कलन, खोपकर्ता नियुक्ति र अगुवा किसानसँग अभिमुखीकरण गरी प्राविधिकलाई परिचालन गरेर खोप लगाइएको हो’, उनले भने, ‘कतिपय पालिकाले नै खोप कार्यक्रम सञ्चालन गरिरहेकाले खोप उपलब्ध गराइएको छ ।’
त्यस्तै पूर्णखोप अभियानका लागि ६६ जना खोपकर्ता परिचालन गरिएको केन्द्र प्रमुख डा श्रेष्ठले जानकारी दिए । किसानको फार्म र गोठमा पुगेर बाख्रालाई पिपिआर, गाईभैंसीलाई खारेत, भ्यागुते, चरचरे, सुगुरबङ्गुरलाई स्वाइन फिवर र कुकुरलाई रेबिज रोग विरुद्धको खोप निःशुल्क लगाउने व्यवस्था मिलाइएको केन्द्रले जनाएको छ ।
केन्द्रका अनुसार पशुलाई महामारीजन्य रोगबाट बचाउन खोप प्रभावकारी उपाय नै खोप भएकाले अभियान सञ्चालन गरिएको हो । पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बनेको विज्ञ केन्द्रले जनाएको छ । गण्डकी प्रदेश सरकारले सङ्क्रामक रोग निर्मूल पार्ने योजनाअनुसार प्रदेशलाई नै पूर्ण खोपयुक्त बनाउन ११ जिल्लामा अभियान सञ्चालन अन्तर्गत तनहुँमा खोप लगाइएको हो ।
रोगको कारणबाट हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरी खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि सबै पालिकाका पशुमा पूर्णखोप कार्यक्रम सञ्चालन भइरहेको छ । गण्डकी प्रदेश सरकारले पशुमा सङ्क्रामक रोग उन्मूलन गरी गुणस्तरीय पशुजन्य उत्पादन सुनिश्चित गर्ने उद्देश्यले आगामी तीन वर्षभित्रमा प्रदेशका ८५ वटै पालिकामा पूर्णखोप कार्यक्रम कार्यान्वयनको योजना अनुसार तनहुँमा चालु आर्थिक वर्षमा कार्यक्रम सुरु गरिएको जनाइएको छ । केन्द्रका अनुसार विज्ञ केन्द्रका प्राविधिक कर्मचारी कृषकका पशु फार्म तथा गोठमा पुगेर गाई, भैंसी, बाख्रा तथा भेडाको तथ्याङ्क सङ्कलन गरेपछि खोप लगाउने कार्य जारी छ ।
‘महामारीजन्य सङ्क्रामक रोगबाट बचाउन र कृषकले पशुपक्षीमा गरेको लगानीको सुरक्षा र सम्भावित क्षतिलाई नियन्त्रण गर्न पशुमा खोप लगाउनु आवश्यक छ’, केन्द्र प्रमुख श्रेष्ठले भने ‘खोप कार्यक्रममा गाईभैंसीलाई खोरेत र भेडाबाख्रालाई पिपिआर, बङ्गुरलाई हैजा र कुकुरलाई रेबिजविरुद्धको खोप लगाइएको छ ।’ सुरुआतमा सबै पालिकामा गणक पुगेर पशुवस्तुको यकिन तथ्याङ्क सङ्कलन गर्ने काम सकिएको छ । दोस्रो चरणमा आवश्यक खोप व्यवस्था गरी किसानको घरगोठमै पुगेर खोपको लगाउने काम भइरहेको केन्द्रले जनाएको छ ।



> ‘लम्पीस्किन भएका गाईवस्तुलाई आइसोलेशन गरेर उपचार गर्ने र दूध बिक्री गर्नुहुदैन, दूध तथा सङ्क्रमण भएका गाईलाई स्याहारसुसार गरी अर्कोतर्फ जाँदा मान्छेको माध्यमबाट पनि यो रोग सर्न सक्छ, त्यसले गर्दा सचेत हुनुपर्छ ।’

# गाँजा अनुसन्धानको विषयले जगाएको आशा

**रासस**
**बलेवा ।**
अर्थमन्त्री डा प्रकाशशरण महतले सङ्घीय संसद्मा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा गाँजा खेतीको सम्भाव्यता अध्ययन गर्ने उल्लेख गरे । उनको घोषणा सुन्दा सभामुख देवराज घिमिरे हाँसे, मन्त्री रोष्टममै हाँसे र केही सांसदको मुहारमा अनौठो चमक देखिन्थ्यो । नेपालमा गाँजा खेतीलाई वैधानिकता दिनुपर्ने बिषयमा दुई खाले मत छन् । वैधानिक मान्ने र नमान्ने मतका बीचमा औषधिजन्य प्रयोगका लागि खेती गर्न सरकारले अध्ययन गर्ने घोषणा गरेको छ । यसको प्रत्यक्ष प्रभाव गण्डकी प्रदेशमा पर्ने छ । त्यसको लाभ लिने बागलुङ हुनेछ । गाँजाको अध्ययन हुन सक्यो भने बागलुङको निसी, तमान, ताराखोला र ढोरपाटनका किसानले भाँगो उत्पादनका लागि लगाईका गाँजा जस्तै रुख प्रहरी पुगेर जबरर्जस्ती फँडानी गर्नेछैन् । किसानले भाओ उत्पादन बढाउनसक्छन् भने अध्ययन हुँदै गरेको गाँजाबाट पनि किसान लाभान्वित हुने छन् ।
गण्डकी प्रदेशभर सबैभन्दा धेरै भाओ उत्पादन हुने जिल्ला बागलुङ हो । बागलुङको पश्चिम क्षेत्रका अधिकांश स्थानीय तहमा भाओ फल्छ । भाओ लगाएका किसानले फुल खेल्न थालेपछि मात्रै छुट्टाउन सक्छन् भाओ हो की गाँजा भनेर । गाँजा फल्दैन् तर भाओ फल्छ । ‘हाम्रो भूगोलका लागि यो असाध्यै राम्रो घोषणा सावित हुने छ, भाओ र गाँजाको सदुपयोग र दुरुपयोग कसरी हुन्छ भन्ने हो’ तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले भने ‘हाम्रो पालिकाको जमिन उम्रिने फल्ने र आम्दानी दिने विषय बजेटमा समावेश हुनु सुखद हो ।’ उनले अध्ययन मात्रै होइन औषधिजन्य गुण भएको गाँजाको व्यावसायिक उत्पादन र निर्यात हुनसके जिल्लाका अधिकांश स्थानीय तहका किसान धनी हुने बताए ।
वैधानिक बाटो नहुँदा यसको उत्पादन र निकासीको तथ्याङ्क भने छैन् । बागलुङका किसानले पाखोबारी बाँझो नराख्नका लागि भाओको खेती गर्छन् । भाओसँगै गाँजा उम्रिने भएकाले प्रतिबन्धित लागू औषधिको रूपमा रहेको भाओका रुखलाई सरकारी संयन्त्रले नष्ट गर्ने गरेको छ ।



## बजेटमा बागलुङ

अर्थमन्त्री डा महतले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा बागलुङमा सञ्चालनमा रहेका सीमित आयोजना सम्बोधन भए । नयाँ आयोजनाको विषयमा भने बजेटले केही बोलेको छैन् । बागलुङमा मध्यपहाडी लोकमार्गको कालोपत्र र स्तरोन्नतिको विषय बजेटमा आयो । आठ वर्षदेखि अलपत्र रहेको कालोपत्रको काम देखेका सर्वसाधारणले यसबाट कुनै आशा राख्न सकेनन्।
राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरले पनि बागलुङमा ठूलो प्रभाव राख्छ । बागलुङको मालढुङ्गादेखि बेनी बजारसम्म ट्र्याकनै नखुलेको विषय बजेटमा आएन् । त्यो बाहेक बागलुङमापर्ने सबै खण्ड कालोपत्रको काम भइरहेकाले नयाँ आशा करिडोरको सम्बोधनले जगाएन् । लामो समयदेखि कालोपत्र भएर अलपत्र परेको बलेवा विमानस्थल सञ्चालनको विषय बजेटले समेटेन् देशभरका आठवटा बिमानस्थलको स्तरोन्नतीको विषयले प्रवेश पाउँदा बागलुङका बिमानस्थल प्राथमिकतामा परेनन् । अघिल्लो आर्थिक वर्षमा सम्भाव्यता अध्ययन गर्ने भनिएको मध्यपहाडी लोकमार्गको बिहुँदेखि गलकोटसम्मको सुरुङ मार्गको विषय यो वर्षको बजेटमा अटेन । त्यस्तै उत्तरगङ्गा जलाशययुक्त आयोजनाका विषयमा पनि बजेट मौन रह्यो ।
सरकारको सहलगानीमा बागलुङ बजारमा सञ्चालनमा रहेको लिफ्टिङ खानेपानी आयोजना सम्पन्न गर्ने विषय बजेटले समेटेको छ। बजेटमा औद्योगिक ग्राम निर्माण र तयार भएका औँद्योगिक ग्राम सञ्चालनको विषयले प्रवेश पाउँदा बागलुङ लाभग्राही जिल्ला हुनेछ। बागलुङ नगरपालिका, ताराखोला र काठेखोला गाउँपालिकाले औँद्योगिक ग्राम तयार गरेका छन्। पर्वत, बागलुङ र म्याग्दीको उपल्लो पहाडी क्षेत्रलाई समावेश गरेर पर्यापर्यटन, मगर समुदायको संकृति प्रवर्द्धन कार्यत्रम सरकारले सञ्चालन गर्ने भएको छ।

# विदेशी आइफोन र मोबाइलमा कर

**रासस**
**काठमाडौँ ।**
विदेशबाट ल्याइएका आइफोन र एक लाख माथिका मोबाइल फोनमा दश हजार रुपैयाँ कर लाग्ने भएको छ । अन्य स्मार्टफोनमा तीन हजार रुपैयाँ र स्मार्टफोन बाहेकका अन्य मोबाइलमा दुई सय रुपैयाँ कर लाग्ने व्यवस्था सरकारले ल्याएको छ ।
विसं २०८० जेठ १५ गतेसम्म प्रयोगमा रहेका तर नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमइस) प्रणालीमा दर्ता नभएका मोबाइल फोन सम्बन्धित प्रयोगकर्ताले फोनसेटको आइआएमईआई नम्बरसमेत उल्लेख गरी एकमुष्ट महसुलबापत यस्तो कर बुझाउनुपर्नेछ ।‘आइफोन र एक लाख रुपैयाँ भन्दा बढी मूल्यका लागि प्रतिसेट दश हजार रुपैयाँ, अन्य स्मार्टफोनका लागि तीन हजार रुपैयाँ र स्मार्ट मोबाइल फोनसेट बाहेकका अन्य साधारण मोबाइल फोनसेटका लागि प्रति फोनसेट दुई सय रुपैयाँ कर लाग्नेछ’, आर्थिक विधेयक २०८० मा भनिएको छ । तर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई छ महिनाभन्दा बढी अवधि विदेशमा बसेर फर्केका नागरिकले सोको प्रमाण पेस गरेमा त्यस्ता व्यक्तिले प्रयोग गरेमा एक थान मोबाइल फोन दूरसञ्चार प्राधिकरणले निःशुल्क दर्ता हुनेछ ।



त्यस्तै, सरकारले वैदेशिक रोजगारीमा जानेलाई एक प्रतिशत सेवा शूल्क लगाएको छ । ‘वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारीमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नुपर्नेछ’, आर्थिक विधेयकमा भनिएको छ ।
त्यस्तो रकम वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिने आर्थिक विधेयकमा उल्लेख छ । यस्तो सेवा शुल्क वैदेशिक रोजगार व्यवसायीले हरेक महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सम्बन्धित राजस्व कार्यालयमा पठाइ सक्नुपर्नेछ । यस्तो शुल्क दाखिल नगरेमा १५ प्रतिशतका दरले ब्याज लगाई असुल गरिने आर्थिक विधेयकमा उल्लेख छ ।

# वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालबाट वैदेशिक रोजगारीका लागि विदेश पलायन हुनेको संख्या दैनिक बढदो रहेको छ।
सामी परियोजनाले मंगलबार सार्वजनिक गरेको तथ्यांक अनुसार मधेश प्रदेशमा पछिल्लो आर्थिक वर्षहरुका तुलनामा यस आर्थिक वर्षमा निकै नै बढेर गएको छ। मधेश प्रदेशका आठवटै जिल्लाबाट हालसम्म १० लाख ३९ हजार ७ सय ५४ युवाहरु विदेश पलायन भएको देखिएको छ। मधेशमा सबैभन्दा बढि धनुषाबाट २ लाख १६ हजार १ सय २२ युवा विदेश पलायन भएको छ भने सबैभन्दा कम पर्सा जिल्लाबाट ४५ हजार ८ सय ६३ युवा पलायन भएको अवस्था छ। धनुषाबाटै यसवर्ष ३५ हजार ६६ जना युवा विदेश पलायन भएको तथ्यांकमा देखिएको छ।

# 'समाज शिक्षित नभएसम्म प्रगती गर्न सकिदैन'

*"आज पनि दलितहरू सामन्तवादको चंगुलमा फसेका छन्, जबसम्म म प्रदेश सभामा छु, दलितको हकअधिकारका लागि आवाज उठाइरहनेछु ।' उनले तत्मा समाजमा एकताको अभाव छ, एकजुट नभएसम्म आफ्नो अधिकार लिन सकिन्न ।"*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका सांसद तथा नेकपा एमाले संसदीय दलका नेता लखन दासले समाज शिक्षीत नभएसम्म कुनै पनि क्षेत्रमा प्रगती गर्न नसकिने बताएका छन् ।
धनुषाको विदेह नगरपालिकाको तिनकौरिया चोकमा आयोजित राष्ट्रिय तत्मा समाज नेपाल धनुषाको पाँचौं अधिवेशनमा प्रदेश सांसद तथा नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक लखन दासले प्रमुख अतिथिको सम्वोधन गर्दै उनले तत्मा जातिमा शिक्षाको स्तर निकै न्यून रहेको बताए। उनले भने,'एक रोटी कम खाउ तर बालबालिकालाई पढाउ ।'लखन दासले मधेसका दलितहरु शैक्षिक, राजनीतिक र आर्थिक रुपमा निकै पिछडिएको बताउदै मधेसमा दलित जनसंख्या बढि छ तर प्रदेश सरकारमा एउटा पनि दलित मन्त्री बन्नबाट बंचित रहको बताए। उनले भने,'आज पनि दलितहरू सामन्तवादको चंगुलमा फसेका छन् ,जबसम्म म प्रदेश सभामा छु, दलितको हकअधिकारका लागि आवाज उठाइरहनेछु।' उनले तत्मा समाजमा एकताको अभाव छ, एकजुट नभएसम्म आफ्नो अधिकार लिन नसक्ने बताए।
कार्यक्रममा तत्मा समाजका राष्ट्रिय अध्यक्ष रामाशिष दासले बुनकरको काम गर्दा सम्म खुसी रहेको तर मेसिनरी आएपछि बुनकरको व्यवसाय धरासायी भएको बताए। मधेस सरकारले बुनकरको हितको योजना ल्याउनुपर्छ,उनले भने। कार्यक्रममा उनले जेठ२१ गते पटनामा पनि तत्मा समाजको कार्यक्रममा सहभागी हुने घोषणा गर्दै, यसले भारत र नेपालको तत्मा समाजबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने मा विश्वास व्यक्त गरे। राजदेव दास को अध्यक्षतामा सम्पन्न कार्यक्रममा विदेह नगरपालिकाका मेयर बेचन दास,पञ्चलाल दास, रघुनाथ दास, राम अधिन दास, महादेव दास, राम पल्टन दास, मुन्नी दास, कैलाश दासलगायतले आ-आफ्नो धारणा राखेका थिए।

# इनारमा खसेर एकको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
ढल्केवरमा मंगलबार बिहान इनारमा खसेर एक पुरुषको मृत्यु भएको छ।
मिथिला नगरपालिका-७, ढल्केवरका ३५ वर्षिय घुरण यादवको घर नजिकैको इनारमा खसेर मृत्यु भएको हो।
इनारभित्र मोटर पम्प जडान गर्ने क्रममा सन्तुलन बिग्रेर यादव इनारमा खसेको प्रहरीले जानकारी दिएको छ।
इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक कवीन राईका अनुसार इनारमा खसेर गम्भीर घाइते भएका यादवको उपचारको क्रममा लालगढस्थित मोडेल अस्पतालमा मृत्यु भएको हो। इनारमा खसेका यादवलाई घाइते अवस्थामा उद्दार गरी उपचारका लागि पठाइएको थियो।
मृतक यादवको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाउने तयारी गरिएको प्रहरी निरीक्षक राईले जानकारी दिए।

# सुस्त ठेकेदार लखेट्दै स्थानीय




**मधेशदृष्टि**
**जनकपुरधाम।**
विगत ७ बर्षदेखि पुल बनाउदा पनि सम्पन्न नभएपछि स्थानियले ठेकेदार लखेटेका छन्।
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ७ र ९ को बीचमा ईच्छापुरस्थित रहेको जलाद पुल निर्माणको लागि ७ बर्षपहिले निर्माण कार्य सुरु भएपनि अझै निर्माण नगर्दा स्थानीयहरुले ठेकेदारलाई लखेटेका छन् । विगत ७ बर्षदेखि पूल निर्माणको लागि काम भईरहेपनि ठेकेदारलाई अझै सो पूल निर्माण नगरिदिँदा आजित भएका स्थानीयहरुले अब
मधेशको महाकुम्भ मानिने १५ दिने मिथिला माध्यमिकी परिक्रमा सडकमा पर्ने सो पूल निर्माण अझै गर्न सकेको छैनन्। बर्षायाम सुरु भएपछि मात्र काम सुरु गर्ने ठेकेदारले समयमा पूल नबनाएको भन्दै स्थानीयहरुले दबाबमूलक अभियान समेत सँचालन गरेको छ।
सो पूलको ठेक्का किशोरी साह कमलले लिएका छन् । उनकै कम्पनीले सो पूल निर्माणको ठेक्का पाएका हुन्। पूर्व एमाले साँसद तथा हाल जनमतका प्रत्यासी प्रतिनीधि रहेका किशोरी साहलाई स्थानीयहरुले खोज्न थालेका छन् । स्थानीयहरुले ठेकेदारलाई जेठ महिनाभित्र पूल नबनाए बाँकीको पूल समेत बन्न नदिई अर्को ठेक्काको लागि जनप्रतिनीधिलाई समेत दबाब दिने बताएका छन् । उनीहरुले जनप्रतिनीधिलाई समेत समयमै काम गर्न चेतावनी दिएको हो । विभिन्न पेशाकर्मीहरुले सो आन्दोलनलाई ऐक्यबद्धता जनाउँदै समयसीमाभित्र पूल सम्पन्न नभए अर्को विकल्पको चेतावनी समेत दिएका छन्।

# फरार प्रतिवादी पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जवरजस्ती करणी मुद्दाका फरार प्रतिवादी मंगलबार जनकपुरधामबाट पक्राउ परेका छन्।
महोत्तरी पिपरा गाँउपालिका वडा नं ७ का राजनारायण झालाई जवरजस्ती करणी मुद्दामा १९ वर्ष पहिले धनुषा जिल्ला अदालतले तीन वर्षको कैद फैसला सुनाइएकोमा उनी फरार रहेको धनुषा प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार खोजतलास गर्ने क्रममा मंगलबार जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ बसपार्क स्थित फेला पारि पक्राउ गरिएको र प्रतिवादी झालाई मांगलबारनै अदालतमा पेश गरि कैद भुक्तानका लागि जलेश्वर कारागार महोत्तरीमा पठाइएको जनाएको छ।

# विशाल भण्डारा तथा सत्संग समारोहको आमन्त्रण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सतलोक आश्रम धनुषाबाट मंगलबार जनकपुरधाम हुँदै पुनः महेन्द्रनगर सम्म वाहनहरुलाई सजाएर विशाल अनौठो र्‍याली निकालिएको छ।
यस्तो प्रकारको अनौठो र्‍यालीलाई आयोजकले आध्यात्मिक चेतना तथा सतगुरु शोभा यात्रा भनेर बताएका छन्। उक्त र्‍यालीमा कार,जीप,मिनी ट्रक,मोटरसाइकल, इ -रिक्सा गरी हजारौंको संख्यामा वाहनहरुलाई फूलहरुका साथै सन्त रामपाल महाराज र कबीर साहेबका तस्बिरहरुले सजाएर सहभागी गराइएका थिए।
पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा सन्त रामपाल महाराजको सान्निध्यमा कबीर साहेबको ६२६ औं प्रकट दिवसको उपलक्ष्यमा यहि जेष्ठ १९,२० र २१ गते सतलोक आश्रम धनुषा समेत नेपाल र भारतका ११ वटा सतलोक आश्रमहरुमा हुन गैरहेको अखण्ड पाठ, विशाल भण्डारा, दाइजोमुक्त सामुहिक विवाह लगायतका भव्य कार्यक्रममा आमन्त्रण गर्ने उद्देश्यले मंगलबार उनका अनुयायीहरुले आध्यात्मिक चेतना तथा सतगुरु शोभा यात्रा निकालेका छन्।
आज भन्दा ६२५ वर्ष पहिले कबीर साहेबजी काशीको लहरतारा तलाउमा विकसित कमलको फूलमा सतलोकबाट सशरिर आएर शिशु रुपमा प्रकट हुनुभएको दिनको स्मृतिमा कबीर साहेब प्रकट दिवस मनाउने गरेका छन्।
यसका साथै वेद, गीता, कुरान शरीफ, बाइबल, गुरु ग्रन्थ साहेब आदी सर्व ग्रन्थमा कबीर साहेब नै परमात्मा भएको प्रमाणहरु भएको नारा लगाउँदै शोभा यात्रा अगाडि बढेको थियो। यस शोभा यात्राको माध्यमबाट समाजलाई कुलत, दाइजो प्रथा, भ्रष्टाचार, आदी सबै सामाजिक विकृतिहरुबाट मुक्त बनाउने संदेश पनि दिएका छन्।
शोभा यात्रा संगसंगै अनुयायीहरुले आध्यात्मिक पुस्तक पनि प्रचार गरेका छन्। सर्व समाजलाई यस विशाल महायज्ञमा सहभागी भै पुण्य लाभ आर्जन गर्न र सत्ययुग जस्तो सुखी समाज निर्माणको अभियानमा सहयोग गर्न अनुयायीहरुले अनुरोध पनि गरेका छन्।

**सूचना!** **सूचना !!** **सूचना !!!**

**तेली कल्याण समाज नेपालको जिल्ला अधिवेशन बारे सूचना ।**

तेली कल्याण समाज नेपाल जिल्ला कार्यसमिति धनुषाको अध्यक्ष श्री लक्ष्मी साहको अध्यक्षतामा मिति २०८० साल जेष्ठ १३ गते शनिबार दिनको ११:०० बजे बसेको बैठकले तेली कल्याण समाज नेपाल जिल्ला कार्यसमिति धनुषाको जिल्ला अधिवेशन यही २०८० जेष्ठ २७ गते शनिबारका दिन गर्ने सर्वसहमतिले निर्णय गरिएकोले धनुषा जिल्ला भित्रका तेली समाजका आजिवन सदस्यहरू गाउँ, नगर, वडा, क्षेत्र तथा जिल्ला कार्यसमिति पदाधिकारी सदस्य तथा सल्लाहकार ज्युहरू लगायत माईजन देवान र तेली समाजका भरभलादमी, कर्मचारी, ब्यापारी, युवा, विद्यार्थी र महिला समेत लाई यस जिल्ला अधिवेसनमा सहभागी भई नयाँ जिल्ला कार्यसमिति चयण गर्नमा सहयोग गरिदिनुहुन निम्न मिति समय र स्थानमा उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गर्दछु।

**मिति २०८० ज्येष्ठ २७ गते शनिवार**
**स्थान : आर.जी. पाटी पैलेस, बेंगापिपराढी, जनकपुरधाम-१९,**
**समय : ११:०० बजे देखि उद्घाटन सत्र**

लक्ष्मी साह
अध्यक्ष
**तेली कल्याण समाज नेपाल**
**जिल्ला कार्य समिती धनुषा, जनकपुरधाम**
फोनः ९८५४०२४९१५, ९८४४४४८२७५, ९८०४८७५००१

# सरकारद्वारा विभिन्न कार्यालय खारेजी

**रासस**
**काठमाडौँ।**
सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत विभिन्न २० वटा सरकारी बोर्ड, कार्यालय, समिति तथा एकाइलाई खारेज गर्ने, पाँचवटालाई पुनःसंरचना गर्ने र एउटालाई स्थानीय तहमा हस्तान्तरण गर्ने भएको छ।
बजेट वक्तव्यअनुसार कपास विकास समिति, अतिरिक्त हुलाक कार्यालय, महिला तथा बालबालिका विभाग, नेपाल विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति, विभिन्न मेडिकल कलेज पूर्वाधार विकास समिति, विभिन्न ताल संरक्षण विकास समितिलाई खारेज गरिने छ।
राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गरी सम्बन्धित मन्त्रालयबाट कार्यसम्पादन गरिनेछ भने फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय र केन्द्रीय धनादेश कार्यालय खारेज गरी हुलाक सेवा विभागबाट कार्य सम्पादन गरिनेछ।
साथै बूढीगण्डकी जलविद्युत् आयोजना, वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनःस्थापना एकाइ खारेज गरी बूढीगण्डकी जलविद्युत् कम्पनीबाट कार्यसम्पादन गरिने बजेटमा उल्लेख छ। बजेटमा सबै जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ रहने व्यवस्था गरिएको छ भने तथ्याङ्क कार्यालय खारेज गरी स्थानीय तहबाट तथ्याङ्क सङ्कलन गरिने र समन्वयका लागि प्रादेशिकस्तरमा कार्यालय स्थापना गरिने उल्लेख छ।
सरकारले भूमिगत जलस्रोत विकास समिति र जलस्रोत अनुसन्धान तथा विकास केन्द्र खारेज गरी अनुसन्धानसम्बन्धी कार्य जल तथा ऊर्जा आयोगबाट र पूर्वाधारसम्बन्धी काम जलस्रोत तथा सिँचाइ विभागबाट गर्ने तयारी गरेको छ।
रेल्वे बोर्ड खारेज गरी सो कार्य रेल विभागले गर्ने, कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति खारेज गरी स्वास्थ्य सेवा विभागको इपिडेमियोलोजी महाशाखाअन्तर्गत सञ्चालन गरिने बजेटमा उल्लेख छ।
त्यसैगरी राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरी यससम्बन्धी कार्य सूचना प्रविधि विभागले गर्ने, रेडियो नेपाल र नेपाल टेलिभिजन एक अर्कामा गाभी एकीकृत सार्वजनिक प्रसारण संस्था गठन गरिने जनाइएको छ।
सरकारले इन्टरमोडेल यातायात विकास समिति खारेज गरी नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडले सोसम्बन्धी काम गर्ने र पर्वतीय प्रशिक्षण विकास समिति खारेज गरी नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा गाभ्ने तयारी गरेको छ।
विभिन्न कार्यलयलाई पुनःसंरचना गर्ने सरकारको योनजा छ। सीमा नाका क्वारेन्टाइन कार्यालय, पशु क्वारेन्टाइन कार्यालय तथा खाद्य आयात निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालयलाई गाभी एउटै कार्यालय बनाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहत सञ्चालनमा ल्याइने भएको छ।
कृषि तथा पशुसम्बन्धी प्रयोगशाला, फार्म केन्द्र र स्रोत केन्द्रलाई प्रदेश तहमा हस्तान्तरण गर्ने, जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयलाई पुनःसंरचना गरी एक स्थानीय तह एक हुलाक राखिने बजेटमा उल्लेख छ।
साथै विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्यागिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई गाभी एकीकृत संरचना बनाउने र मालपोत र नापी कार्यालय आवश्यकताअनुसार क्रमशः एकीकृत गरी एकद्वारबाट जग्गा प्रशासनसम्बन्धी सेवा उपलब्ध गराउने सरकारको तयारी छ।
सरकारले पर्यटन प्रवर्द्धन विकास समिति सम्बन्धित प्रदेश/स्थानीय तहमा हस्तान्तरण गर्ने भएको छ।

# अवैध उत्खनन् रोक्न विरोध प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
कमला खोलाबाट भइरहेको अवैध उत्खनन् रोक्न माग राख्दै मंगलबार धनुषाको वीरेन्द्र बजारमा स्थानीयले विरोध प्रदर्शन गरेको छ। अवैध उत्खनन् रोक्न अभियान चलाएका स्थानीयले गणेशमान चारनाथ नगरपालिकाको कार्यालय अगाडि विरोध प्रदर्शन गरेको हो।
'खोला खन्न पाइँदैन, नदीजन्य पदार्थको चोरी निकासी बन्द गर, कमला नदीको ठेक्का रद्द गर, अवैध क्रसर उद्योग बन्द गर'जस्ता नारा लगाउँदै प्रदर्शनका सहभागीले नगरप्रमुख जितनारायण यादव र उपप्रमुख तुलसा पाण्डेको विरुद्ध चर्को नाराबाजी लगाएका थिए। प्रदर्शनका सहभागीले आधा घण्टा पूर्वपश्चिम राजमार्गसमेत अवरुद्ध गरेका थिए। कार्यालय परिसर प्रवेशमा सुरक्षाकर्मीले रोक लगाएपछि आक्रोशित बनेका प्रदर्शनका सहभागीले पूर्वपश्चिम राजमार्ग आधा घण्टा जाम गरेका थिए। नदीनाला अवैध उत्खननविरुद्धको अभियान समितिका सचिवज कपिल फुयाँलले पटक-पटक अवैध उत्खननबारे नगरपालिकामा जानकारी गराउँदासमेत कहिकतैबाट पहलकदमी नभएपछि बाध्य भएर विरोधमा उत्रिनुपरेको बताए।नगरपालिकाले कमला खोलाबाट नदीजन्य पदार्थ निकाल्न ठेक्कामा दिएको छ। तर, ठेकेदार पक्षले नियमविपरित राजमार्गदेखि उत्तर चुरे तथा भावर क्षेत्रमा जेसिबीजस्ता उपकरणको प्रयोग गरेर नदीजन्य पदार्थ अवैध उत्खनन गरिरहेकाले रोक्न माग गरिएको उनले जानकारी दिए।ठेकेदार पक्षले सम्झौताभन्दा कयौं गुणबढी नदीजन्य पदार्थ उत्खनन गरेको छ। सम्झौताअनुसार ८० हजार घनमिटर नदीजन्य पदार्थ उत्खनन गर्नुपर्नेमा तीन लाखभन्दा बढी उत्खनन गरेको सचिव फुयाँलको दाबी छ।नगर प्रमुख यादवले विहीबारका दिन अभियानका पदाधिकारी, ठेकेदार पक्ष, जनप्रतिनिधि र अन्य सरोकारबाला निकायबीच छलफल गरेर अवैध उत्खनन बन्द गर्ने आश्वासन दिएपछि तत्काललाई विरोध प्रदर्शनका कार्यक्रम स्थगित गरिएको सचिव फुयाँलले बताए।

# टि-२० प्रतियोगितामा मधेश र बागमती विजयी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा जारी टि-२० क्रिकेट प्रतियोगिताको दुई वटा खेलमा मधेश र बागमती प्रदेश विजयी भएका छन् ।
जनकपुरधामको रजौलमा रहेको रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालामा आज बिहान भएको खेलमा कोशी प्रदेशलाई बागमतीले ३ विकेटले पराजित गर्दै विजयी सुरुआत गरेको छ ।
कोशी प्रदेश हिजो भएको उद्घाटन खेलमा मधेश प्रदेशसँग पराजित भएका थियो ।
यसैगरी दोस्रो खेलमा मधेश प्रदेशले गण्डकी प्रदेशलाई ७२ जनले पराजित गर्दै दोस्रो जीत हासिल गरेको छ । टस जितेर ब्याटिङ गरेको मधेश प्रदेशले निर्धारित २० ओभरको खेलमा १७२ रन बनाएको थियो ।मधेश प्रदेशका तर्फबाट अनिल साहले ३७ बलमा ६२ रन बनाएका थिए भने पवन सर्राफले ४१ बलमा ५१ रन बनाएका थिए ।
प्रतिउत्तरमा ब्याटिङ गरेको गण्डकी १९.३ ओभरमा सबै विकेट गुमाएर १०० रनमा अल आउट भएको थियो ।
नेपाल क्रिकेट संघ मधेश प्रदेशको आयोजनामा भएको प्रतियोगितामा सात वटै प्रदेशका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी सहभागी छन् ।प्रतियोगिता जेठ २६ गतेसम्म चल्नेछ । प्रतियोगितामा विजेता टिमलाई ३ लाख तथा उपविजेतालाई २ लाख नगद सहित शिल्ड तथा प्रमाणपत्र एवं पदक प्रदान गरिने छ ।

# धोनीले सन्यास नलिने भनेपछि समर्थकमा खुसी



**मधेशदृष्टि**
**काठमाडौं।**
इण्डियन प्रिमियर लिग (आईपीएल) मा चेन्नाइ सुपर किङ्स (सिएसके) ले सोमबार राति डिफेन्डिङ च्याम्पियन गुजरात टाइटन्सलाई हराउँदै पाँचौं पटक उपाधि जित्त्यो । उपाधि जितेपछि टिमका कप्तान महेन्द्रसिंह धोनीले आफूले अहिल्यै सन्यास नलिने बताउँदा समर्थकमा खुसीको लहर छाएको छ।
कोलकाताको नरेन्द्र मोदी स्टेडियममा गुजरातलाई ५ विकेटले पराजित गर्दा ४१ वर्षीय कप्तान धोनीले यस सिजनपछि क्रिकेटबाट सन्यास लिने अड्कल गरिएको थियो । तर उनले समर्थकको मायाका कारण अझ एक प्रयास गर्ने बताए। यस कुरालाई धोनी र चेन्नाईका समर्थकले 'डबल सेलिब्रेसन (दोहोरो खुसी)' भन्दै सामाजिक सञ्जालमा खुसीयाली मनाए ।चेन्नाईका समर्थकले धोनीको सन्यास नलिने घोषणालाई 'एक उत्कृष्ट उपहार' को संज्ञा दिएका छन्।
'सिएसकेका समर्थकका अगाडि सन्यासको घोषणा नगरी उनीहरुलाई ययो पलको मजा लिन दिनु नै क्लासिक धोनी हुन्,' एक समर्थकले भनेका छन्।
१७१ रनको लक्ष्य पाएको चेन्नाईलाई अन्तिम २ बलमा १० रन चाहिएको अवस्थामा रवीन्द्र जडेजाले छक्का र चौका प्रहार गर्दै गुजरातमाथि ५ विकेटको जित निकालेका थिए । चेन्नाईले उपाधि जित्दा चेन्नाइका समर्थकले मात्रै नभइ विपक्षी टिमका समर्थकले पनि उत्तिकै खुसी मनाए । गुजरात टाइटन्सका कप्तान हार्दिक पाण्ड्याले पनि उनलाई 'मेन्टर' रहेको बताए। 'यदि मैले धोनीसँग हारिरहेको छु भने म यसमा कुनै पश्चाताप गर्दिनँ,' उनले भने।
स्टेडियममा उपस्थित धेरै समर्थकले बैजनी रंगको किट नलगाई पहेंलो रंगको धोनीको टिमको जर्सी लगाएका थिए । धोनीले २००७ मा टी-२० विश्वकप र २०११ मा एकदिवसीय विश्वकपको ग्लोरी उनले हाँसिल गरिसकेका छन्। उनीले दर्जनौं प्रतिभाहरुलाई मार्गदर्शन गरेका छन् । जसमध्ये धेरै अहिले भारतीय क्रिकेट टिममा मुख्य खेलाडीकै रुपमा रहेका छन् । खेलको राम्रो रणनीति बनाउनु उनको विशेषता हो।
सिएसकेका सिरियल च्याम्पियन, कमेन्टेटर तथा पूर्व अष्ट्रेलियन क्रिकेटर टम मुडीले धोनीको प्रशंसा गर्दै भनेका छन्, 'धोनीले टिममा युवालाई बनाइरहेका छन् भने पाकालाई सुधारिरहेका छन् ।' समर्थकको अपार माया पाइरहेका धोनीले अझै एक सिजन खेल्ने बताए । 'उहाँहरुले जसरी मलाई माया गरिरहनु भएको छ । मलाई पनि उहाँहरुका लागि केही गर्नुपर्छ,' उनले भने।




# बस दुर्घटनामा दश जनाको मृत्यु, पचपन्न घाइते



**एएनआई**
**जम्मु कश्मीर ।**
जम्मू-श्रीनगर राष्ट्रिय राजमार्गमा मंगलबार बिहान एउटा बस गहिरो खाडलमा खस्दा कम्तिमा १० जनाको मृत्यु भएको छ भने करिब ५५ जना घाइते भएका छन् ।
शवहरू शल्य परीक्षणका निम्ति अस्पताल पठाइएका छन् ।
सरकारी अधिकारीहरूका अनुसार बस अमृतसरबाट कटरातर्फ गइरहेको थियो ।
घाइते सबै यात्रीलाई उद्दार गरिएको जम्मुका वरिष्ठ प्रहरी उपरीक्षक ( एसएसपी) चन्दन कोहलीले बताएका छन् । उद्दारका काम पनि पूरा भएको छ ।
सबै घाइतेलाई अस्पताल पुऱ्याइएको छ । उद्दारमा अर्धसैनिक टोली र राज्य विपद् प्रतिक्रिया विभागका कर्मचारीले प्रहरीलाई सघाएका थिए ।
बसले क्षमताभन्दा बढी यात्री बोकेको प्रहरीले बताएको छ ।
घटना सम्बन्धमा अनुसन्धान गरिने एसएसपी कोहलीको भनाई छ ।
बसमा विहार राज्यबाट आएका यात्रीका साथै अमृतसरका मानिस पनि सवार थिए । घटनाको विस्तृत विवरण आउन बाँकी छ ।

# अस्ट्रियाको अस्पतालमा आगलागी

**एएफपी**
**भियना ।**
अस्ट्रियाको एक अस्पतालमा आगलागी हुँदा तीन जनाको मृत्यु भएको छ । राजधानी भिएनाबाट १४ किलोमिटर टाढा रहेको मोडलिङस्थित अस्पतालमा आगो लाग्दा उक्त हताहती भएको हो । लाग्नुको कारण अझै नखुलेको उल्लेख गर्दै अस्पतालका प्रवक्ताले एक सय ७० वटा दमकल र ३३ वटा आगो निभाउने सवारी साधन प्रयाग गरेर दुई घण्टाको लामो प्रयत्नपछि आगो निभाइएको बताए ।
यो घटना स्थानीय समयअनुसार मंगलबार बिहान एक बजेको हो । घाइतेहरूलाई अन्य स्वास्थ्य संस्थामा सारिएको जनाए पनि ती प्रवक्ताले कति जना घाइते भएका थिए भन्नेबारेमा केही उल्लेख गरेका छैनन् ।

# अमेरिकामा भारतीय विद्यार्थीको हत्या




**एएनआई**
**फिलाडेल्फिया ।**
फिलाडेल्फियामा भारतीय मूलका एक जना विद्यार्थीको गोली हानेर हत्या भएको छ । भारतीय मूलका २१ वर्षीय विद्यार्थी पहिचान जुडे चाकोको गोली हानेर हत्या गरिएको खलीज टाइम्सले सोमबार जनाएको छ । कामबाट फर्किंदै गरेका उनलाई अज्ञात आक्रमणकारीले गोली हानेका थिए ।
मृतकका आमाबाबु केरेलाको कोल्लम जिल्लाबाट करिब ३० वर्षअघि अमेरिका आएका भारतीय सञ्चारमाध्यमलाई उदृत गर्दै खलीज टाइम्सले जनाएको छ ।
जुडेमाथि लुटपाटको प्रयास भएको तथा सोही क्रममा दुई जनाले आक्रमण गरेका थिए ।
यो वर्ष भारतीय मूलका विद्यार्थीलाई अमेरिकामा लक्षित गरी मारिएको यो दोस्रो घटना हो ।
यसअघि अप्रिल २१ मा आन्ध्र प्रदेशका २४ वर्षीय विद्यार्थीलाई ओहायोको पेट्रोल पम्पमा गोली प्रहार गरी हत्या गरिएको थियो ।
भारतीय मूलका साईश वीराको काममा गइरहेका बेला अज्ञात आक्रमणकारीले गोली हानेर मारेका प्रहरीले जनाएको थियो ।

# मुम्बई आतङ्कवादी हमलाका सहयोगीको मृत्यु



**पिटिआई**
**नयाँदिल्ली ।**
सन् २००८ मा मुम्बईमा आतङ्कवादी हमला गर्न वित्तीय एवम् अन्य माध्यमबाट आतङ्कारीलाई सघाएका लस्कर ए तैबाका नेता अब्दुल सलाम भुटावीको मृत्यु भएको छ । पाकिस्तानको कारागारमा उनको मृत्यु भएको हो ।
सोमबार दिउँसो निजको हुदयाघातका कारण मृत्यु भएको बताइएको छ ।
सन् २०१२ मा राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले भुटावीलाई आतङ्कवादी घोषणा गरेको थियो । त्यसको केही वर्षपछि आतङ्कवादलाई प्रश्रय दिनका साथै आतङ्कवादीलाई वित्तीय सहयोग गरेको आरोपमा पाकिस्तानी प्रहरीले उनलाई पक्राउ गरेको थियो ।
अदालतले उनलाई दोषी ठहर गरेपछि उनी कारागारमा सजाय भोगिरहेका थिए । सन् २०२० को अगष्टमा उनलाई १६ वर्षको जेल सजाय सुनाइएको थियो ।
मङ्गलबार उनको लाहोरमा अन्त्येष्टि गरिएको लस्कर ए तैबाका सदस्य सार्वजनिक गरेको भिडियोमा दाबी गरिएको छ ।

# छुट्टाछुट्टै दुर्घटनामा ९ जना बालबालिकाको मृत्यु



**एउनआई**
**इस्लामावाद ।**
अफगानिस्तानको वार्दक प्रान्तमा विद्युतीय धरापमा परेर तीन जना तथा छिमेकी मुलुक पाकिस्तानको सिन्ध प्रान्तमा पोखरीमा डुबेर छ जना गरि ९ जना बालबालिकाको मृत्यु भएको छ। विगतको द्वन्द्वमा बिछ्याइएका विद्युतीय धरापमा परेर तीन बालबालिकाको ज्यान गएको तालिवान नेतृत्वको सरकारका एकजना अधिकारीलाई उदृत गर्दै खामा प्रेसले जनाएको छ। एक जना बालक घाइते भएका छन् ।
अफगानिस्तानमा युद्धकालमा बिछ्याइएका विद्युतीय धराप पहिचान गरी तिनलाई निष्क्रिय तुल्याउन गत नोभेम्बरदेखि अष्ट्रेलिया, डेनमार्क, जर्मनी, जापान, स्वीडेन, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, राष्ट्रसङ्घीय मानवीय सहायता समन्वय कार्यालय, राष्ट्रसङ्घीय आपत्कालीन प्रतिकार्य कोष लागेका छन् ।
यसअघि अफगानिस्तानको नान्गाहार क्षेत्रमा पनि यस्तै घटनामा दुई दिदीबहिनीको मृत्यु भएको थियो । दक्षिणी प्रान्त कान्दाहारमा मे ९ मा भएको दोस्रो घटनामा एकै परिवारका तीन जना बालबालिकाले ज्यान गुमाएका थिए । पाकिस्तानको सिन्धमा भएका दुई छुट्टाछुट्टै घटनामा दुई दाजुभाइसहित कम्तीमा छ बालबालिकाको पोखरीमा डुबेर मृत्यु भएको छ भने दुईजनालाई स्थानीय जनताले उद्दार गरेका छन् ।
खैरपुर जिल्लाको टाण्डो मस्ती खान क्षेत्र नजिक रहेको वारिस उजन गाउँको माछा पोखरीमा छ जना बालबालिका खेल्दै गर्दा एक बालक चिप्लिएर पोखरीमा खसेपछि साथीलाई बचाउने प्रयासमा पाँचै बालबालिकाले पानीमा हाम फालेका थिए । घटनामा दुई दिदीबहिनीसहित थप तीन बालबालिकाको मृत्यु भएको छ भने अन्य दुईलाई स्थानीयले उद्दार गरी गम्भीर अवस्थामा अस्पताल पुऱ्याएका थिए । पोखरीबाट तीन बालबालिकाको शव निकालिएको र चौथो शवको खोजी भइरहेको प्रहरीले जनाएको छ ।
सिन्ध प्रान्तकै थारपार्कर जिल्लाको डिप्लो टाउन नजिकैको रानी भेरो गाउँमा यस्तै घटनामा दुई बालबालिकाको डुबेर मृत्यु भएको जियो न्यूजले जनाएको छ। पोखरी नजिक खेलिरहेका उनीहरू अचानक पानीमा खसेका थिए ।

# इटालीको म्यागियोर तालमा डुङ्गा दुर्घटना



**एएनआई**
**रोम ।**
इटालीको उत्तरी भागमा अवस्थित म्यागियोर तालमा पर्यटक सवार डुङ्गा दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ। बीस जनाको सकुशल उद्दार गरिएको अग्नि नियन्त्रण कार्यालयका अधिकारीलाई उद्धृत गर्दै केबल न्युज नेटवर्क (सीएनएन) ले जनाएको छ।
दुर्घटना आइतबार साँझ भएको हो । सोमबार अपराह्न अन्तिम शव निकालिएसँगै खोज तथा उद्धारका काम सकिएको अग्नि नियन्त्रण कार्यालयले बताएको छ।
दुर्घटनाग्रस्त डुङ्गामा २४ जना पर्यटक थिए। आँधीबेहरीका कारण डुङ्गा पल्टिएको सुरक्षा अधिकारीहरूले बताएका छन् । हेलिकप्टर प्रयोग र गोतटाखोर परिचालन गरेर उद्दारका काम सम्पन्न गरिएको थियो । डुबेको डुङ्गा निकाल्ने प्रयास भइरहेको छ । चित्ताकर्षक म्यागियोर ताल इटाली र स्विजरल्याण्डको साझा पर्यटकीय गन्तव्य हो ।

# प्रहरीसँगको झडपमा दश जना मारिए



**एएफपी**
**मेक्सिको सिटी ।**
उत्तरी मेक्सिकोमा सुरक्षा बलहरूमाथि राजमार्गमा बन्दुकधारीको एक समूहले आक्रमण गर्दा १० जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।
'सिभिल फोर्सका कर्मचारीलाई तीनवटा बख्तरबन्द ट्रकमा यात्रा गरिरहेका मानिसले गोली प्रहार गरेका थिए,' नुएभो लियोनका सार्वजनिक सुरक्षा सचिव गेरार्डो पालासियोसले फेसबुकमा लेखेका छन् । दोहोरो झडपमा आपराधिक समूहका १० जना मारिएका तथा सिभिल फोर्सका चार जना अधिकारीहरू घाइते भएका उनले जनाएका छन् ।
राजमार्ग भएको उक्त आक्रमण सङ्गठित अपराधमा संलग्न समूहले गरेको हो ।
आक्रमण हिंसा प्रभावित क्षेत्र न्यूभो लियोन र तामाउलिपास राज्यका राजमार्गमा भएको हो । उक्त राजमार्गमा बेलाबेलामा अपहरण र लुटपाटका घटना हुने गरेका छन् । सन् २००६ मा मेक्सिको सरकारले लागुऔषध विरोधी अभियान सुरु गरेयता तीन लाख ४० हजारभन्दा बढी हत्या, करिब एक लाख बेपत्ताका घटना भएका छन् ।
ती दुवै घटनामा सङ्गठित आपराधिक गिरोह जिम्मेवार रहेको सरकारले बताउँदै आएको छ ।

# गुलियो उखुः अमिलो पीडा

## भुक्तानी नआएपछि रोकियो छोरीको विवाह




**सञ्जय मिश्रा**
**रौतहट ।**
'जुन जोगी आए पनि कानै चिरेका' भन्ने उखान चरितार्थ गरेको छ मधेश प्रदेशका प्रायः चिनी उद्योगले ।
कटहरिया-९ डुमरियास्थित बाबा बैजुनाथ चिनी उद्योगले १५ दिनभित्र भुक्तानी दिने भनी भुक्याएर लिएको उखुको भुक्तानी ४ महिनामा नगरेपछि किसान ठूलो समस्या खेपिरहेका छन् ।
कटहरियामै चिनी मिल सञ्चालन भएपछि स्थानीय किसान उत्साहित थिए । घरमै बसेर उखुको चलानपूर्जी र निर्धारित समयमा भुक्तानी पाउने किसानले आशा र विश्वास राखेका थिए । मिल सञ्चालन हुनुअघि मिल प्रशासनले उखुको १५ दिनभित्रै किसानको खातामा बैंकबाट पैसा पठाउने भनेपछि किसान खुशी नहुने कुरै भएन । तर केही समय नबित्दै मिल प्रशासनको भनाई एकातिर र गराई अर्कोतिर अर्थात् व्यवहार फरक देखिएको छ ।
कटहरिया-४ का किसान लालबाबु यादवले छोरीको विवाह गर्ने योजनाअनुसार सिजनमा ४ बिघा १० कठ्ठा जग्गामा उखु खेती लगाए । मोहीसहित आफ्नो जग्गा ३ बिघा र १ हजार ५ सय रुपैयाँ प्रतिकठ्ठाका दरले भाडा दिएर १ बिघा १० कठ्ठामा उखु खेती गरेको उनले बताए । साढे ४ बिघामा उखुखेती गर्न लागेको खर्चमध्ये ३ लाख रुपैयाँ सयकडा ३ रुपैयाँ ब्याजमा लिए । फागुन २० गतेभित्र सरकारी अनुदानबाहेक करिब १० लाख ३० हजार रुपैयाँ बराबरको २४ ट्याक्टर उखु बाबा बैजुनाथ चिनी मिल डुमरियामा पठाए ।
१५ दिनमा भुक्तानी दिनुपर्ने सर्त आनुसार मिलले पटकपटक गरी हालसम्म करिब ६ लाख रुपैयाँ दिएको छ । खेती गर्न लिइएको कर्जा ३ लाख, जग्गा भाडा ४५ हजार, उखु ढुवानी बापत ट्याक्टर भाडा ७६ हजार, उखु कटाइ, लोड गराइबापत २ लाख रुपैयाँ पाइएको पैसाबाट खर्च भइसकेको यादवले बताए ।
बैजुनाथ चिनी मिलको सूचनाअनुसार मिललाई दिइएको सम्पूर्ण उखुको भुक्तानी १५ दिनभित्र अर्थात चैत ५ गतेसम्म आउनुपर्ने थियो । भुक्तानीका लागि पटकपटक मिलमा जाँदा भुक्तानी नपाएका कारण जेठ २९ गते तोकिएको छोरीको विवाहसमेत असार ७ गते सरेको यादवले बताए । मंगलबार वैशाखको दोस्रो सातासम्म पनि भुक्तानी नपाएका कारण छोरीको बिहेको जोडजाम गर्न १० कठ्ठा जग्गा बन्धकी राखेर नपुगेपछि दुहुनो भैंसी बिक्री गर्न लागेको यादवले सुनाए ।
त्यसैगरी, कटहरिया ४ टोलापुरका उखु किसान धीरेन्द्र कुशवाहाले चार महिनाअघि मिलमा ६ ट्याक्टर उखु दिएकामा एउटा चलान पुर्जीको भुक्तानि १५ दिनभित्रै पाएको बताए । बाँकी ५ वटा पुर्जीको भुक्तानीका लागि पटकपटक मिलमापुग्दा पाउन नसकेको गुनासो गरे । उखुं काट्ने मजदुर तथा ढुवानी गर्ने ट्याक्टरधनीलाई कर्जा सापट लिएर भुक्तानी दिएको र मिलले समयमा भुक्तानी नदिँदा थप समस्यामा परेको उनले बताए ।
बावा बैजुनाथ चिनी मिल डुमरियामा उखु दिएर चार महिनादेखि हैरानी खेपिरहेका यादव र कुशवाहा मात्र नभई रौतहट र बाराका दर्जनौं किसान छन् ।
मिलले १५ दिनमै भुक्तानी दिने प्रतिबद्धता जनाएका कारण दर्जनौं किसानले मिहिनेत पसिनाले उब्जाएको उखु मिललाई उधारोमा दिए । माघमा उखु चलान गरेर भुक्तानीका लागि कयौं किसान दैनिक कटहरिया, डुमरिया धाइरहेका छन् । मिलका महाप्रबन्धक सियाराम साहले सिजनमा फागुन २१ गतेसम्म मिल सञ्चालन हुँदा करिब ७ लाख क्वीन्टल उखु क्रसिङ गरेको बताए । माघ महिनाको उखुको भुक्तानी प्रक्रिया सुरु भएको र त्यसपछिका उखुको भुक्तानी केही दिनभित्रै गरिने जानकारी दिए ।

# गुणस्तर अधिकृतलाई साढे चारकरोड भ्रष्टाचार मुद्दा

*अख्तियारका प्रवक्ता दाहालले यादवले गैरकानुनी सम्पत्ति आर्जन गरेको कसुरमा ४ करोड ४७ लाख ३४ हजार २ सय १२ रुपैयाँ बिगो र सोही रकमको जरिवाना तथा कैदसजाय मागदाबीसहित मुद्दा दायर गरिएको जानकारी दिए ।*




**मधेशदृष्टि**
**वीरगंज ।**
चार करोड रुपैयाँ भन्दा बढी अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुणस्तर तथा नापतौल कार्यालय पर्साका तत्कालीन अधिकृत शशिभूषण यादवविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । आयोगको कार्यालयले गुणस्तर तथा नापतौल कार्यालय पर्साका तत्कालीन वरिष्ठ गुणस्तर अधिकृत यादवविरुद्ध मुद्दा दर्ता गरेको हो ।
गुणस्तर तथा नापतौल कार्यालय, वीरगंजमा कार्यरत वरिष्ठ निरीक्षक यादवले नोकरी अवधिभर विभिन्न कार्यालयमा कार्यरत रहँदा आफ्नो परिवारका नाममा जग्गाजमिन खरिद गरी गैररकानुनीरुपमा अकुत सम्पत्ति अर्जन गरेको उजुरीका आधारमा छानबिन गर्दा यादवले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४६ जेठ ८ गतेदेखि २०७९ असार मसान्तसम्मको अवधिमा आयव्यय विश्लेषण गर्दा खर्च तथा लगानीतर्फ जग्गा खरिद, घर निर्माण, सवारी साधन खरिद, वीमाको प्रिमियम भुक्तानी, शेयर खरिद, अध्ययन खर्च, विदेश भ्रमण, ऋण/सापटीको साँवाव्याज भुक्तानी, पारिवारिक घर खर्च, विभिन्न शीर्षकमा राजस्व/कर तिरेको र बैंक मौज्दातसमेत ७ करोड २४ लाख ५६ हजार २ सय ६३ रुपैयाँ आर्जन गरेको भेटिएको बताइएको छ ।
यस्तै उनले आर्जन गरेको सम्पत्ति छानबिन गर्दा ४ करोड ४७ लाख रुपैयाँ बढी देखिएपछि उनको र परिवारको नाममा रहेको सम्पत्ति अवैध ठहर गरी मुद्दा दर्ता गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालले बताए ।
अख्तियारका प्रवक्ता दाहालले यादवले गैरकानुनी सम्पत्ति आर्जन गरेको कसुरमा ४ करोड ४७ लाख ३४ हजार २ सय १२ रुपैयाँ बिगो र सोही रकमको जरिवाना तथा कैदसजाय मागदाबीसहित मुद्दा दायर गरिएको जानकारी दिए । यादवले सार्वजनिक पदमा रहँदा अख्तियारीको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप पत्रमा उल्लेख छ ।

# जनमतमा जाँदै शीर्षनेताहरु




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका जसपा, लोसपा र माओवादी केन्द्रका जिल्ला तथा केन्द्रीय नेताहरु डाक्टर सिके राउत नेतृत्वको जनमत पार्टीमा प्रवेश गर्ने तयारीमा रहेको पाइएको छ ।
पूर्वमन्त्री एवम् जसपाकी नेतृ करिमा बेगम, लोसपाका केन्द्रीय सदस्य शशीकपुर मियाँ, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य सिपु तिवारीसहितका नेता जनमत पार्टीमा प्रवेश गर्ने भएका छन् । जनमतका अध्यक्ष डा.सिके राउतसँग मंगलबार काठमाडौंमा भएको वार्तामा संगठनलाई पर्सामा सशक्त बनाउन क्षमताअनुसारको जिम्मेवारी दिने सहमति भएसँगै आफूहरु जनमत पार्टीमा प्रवेश गर्न लागेको मियाँले जानकारी दिए ।
वीरगंजको नगरसभा गृहमा जेठ २७ गते हुने वृहत पार्टी प्रवेश कार्यक्रममा पार्टी अध्यक्ष राउतले उनीहरुसँगै वीरगंज महानगरपालिकाका वडा नम्बर २० का पूर्व वडाअध्यक्ष सन्तोष तिवारी, जसपाका पूर्व क्षेत्रीय सभापति मनोज यादव, पूर्वसचिव विनोद चौरसिया, सुधिरनाथ पाण्डेसहितका नेतालाई प्रवेश गराउने बुझिएको छ ।

# बहिरा विद्यार्थीलाई बस व्यवस्था गरिने




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बहिरा विद्यार्थीका लागि आउजाउ गर्न यात्रुबाहक बस व्यवस्था गरिने बताएका छन् । वीरगंजमा मंगलबारदेखि सुरु सरोकारवालाका लागि दशदिने आधारभूत सांकेतिक भाषा तालिम उद्घाटन गर्दै उनले बहिरा विद्यार्थीको आवागमन सहज बनाउन यातायात प्रबन्ध मिलाइने बताए । महानगर क्षेत्रमा दुई सय बहिरा विद्यार्थी रहेको भन्दै उनले उनीहरुको शिक्षाको प्रबन्ध महानगरले गरिरहेको बताए ।
अहिले पठनपाठन भइरहेको स्थानबाट सारेर अर्को स्थानमा सुविधासम्पन्न विद्यालय बनाउने काम अघि बढाइएको भन्दै उनले बहिरा बालबालिकाको उज्ज्वल भविष्यका लागि सबै एकजुट भएर काम गर्नुपर्ने बताए । बहिराको विचार भावना बुझ्न सकियोस् भनेरै महानगरले सांकेतिक भाषाको तालिमका लागि सहयोग गरेको उनले बताए ।
तालिममा १५ जनाको सहभागिता छ । पर्सा बहिरा संघकी उपाध्यक्ष समीक्षा सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महानगरका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्ण, बहिरा संघ पर्साका अध्यक्ष सगुन श्रेष्ठ लगायतको उपस्थिति थियो ।

# काठसहित मियाँ समातिए



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ४ भतौडाबाट सालको गोलिया काठसहित वन गस्ती टोलीले एक जना पक्राउ गरेको छ । पक्राउ पर्नेमा पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ५ निचुटाका ३५ वर्षीय ताहिर मियाँ छन्।
जंगलबाट काठ चोरी तस्करी गरी ल्याउँदै गरेको अवस्थामा मियाँल पक्राउ परेका हुन् । सब डिभिजन वन कार्यालय रंगपुरटाँडीका रेन्जर कपिलदेव यादवको नेतृत्वमा खटिएको गस्ती टोलीले मंगलबार बिहान ना ५९ प ८१९९ नम्बरको मोटरसाइकलमा लोड गरिएको सालको काठसहित मियाँलाई पक्राउ गरी डिभिजन वन कार्यालय पर्सामा बुझाएको डिभिजन वन कार्यालय पर्साका प्रमुख सुभाष चन्द्र दासले जानकारी दिए।

# लागुऔषधसहित बसका चालक-सहचालक पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको भिस्वा नाकाबाट प्रहरीले भारतबाट भित्र्याइ काठमाडौं लैजान लागेको अवस्थामा ठूलो परिमाणमा रहेको अवैध लागुऔषधसहित बस चालक र सहचालकलाई पक्राउ गरेको छ।
छिपहरमाई गाउँपालिका-५ भिस्वास्थित नेपाल-भारत सीमानाकानजिकै पार्किङ गरी राखिएको प्रदेश ०३-००१ ख १८१० नम्बरको देवी ट्राभल्स बसबाट प्रहरीले लागू औषधसहित बसका चालक र सहचालकलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा बसका चालक दोलखा, भीमेश्वर नगरपालिका वडा नम्बर ८ का ४२ वर्षीय दुर्गाराज खत्री र सहचालक पर्सा, धोबिनी गाउँपालिका-४ का नुरेश मियाँ तेली छन् । प्रहरीका अनुसार गोप्य सूचनाका आधारमा प्रहरी चौकी भिस्वाबाट खटिएको प्रहरी टोलीले यात्रु लिएर काठमाडौं जाने तयारीमा रहेको बसमा चेकजाँच गरेको थियो।
बसको डिकी खोलेर खानतलासी गर्दा डिक्कीभित्र रहेको प्लास्टिकको बाल्टीमा कागजले बेरेर राखिएको अवस्थामा लागुऔषध फेनारगन ५ सय थान, डाइजेपाम ५ सय थान र नर्फिन ५ सय थान बरामद भएको हो । बससहित चालक खत्री र सहचालक तेलीलाई नियन्त्रणमा लिइएको पर्साका प्रहरी नायव उपरीक्षक दीपक गिरीले जानकारी दिए । उनीहरुलाई इलाका प्रहरी कार्यालय पोखरियाको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको उनले बताए।

# काँग्रेसको रुपान्तरण र संगठन सुदृढिकरण अभियान



मधेशदृष्टि
वीरगंज ।
नेपाली कांग्रेसमा सुरु गरिएको रुपान्तरण र संगठन सुदृढिकरण अभियानअन्तर्गत मंगलबार वीरगंज महानगरपालिका वडा नम्बर ४ विर्तामा अगुवा नेता तथा कार्यकर्ताको भेला भएको छ । वडा नम्बर ४ का वडा अध्यक्ष एवम् कांग्रेस बुथ सभापति जगत साह कानुको अध्यक्षतामा सम्पन्न भेलाले पार्टीमा विगतमा भएका कमीकमजोरी सच्याउँदै नयाँ ढंगले अगाडि बढ्ने निर्णय गरेको नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर १ का पूर्व क्षेत्रीय सभापति विजय सर्राफले जानकारी दिए ।
कांग्रेसका क्षेत्रीय सभापति अरविन्द गुप्ताको नेतृत्वमा भएको भेलामा कांग्रेसका महाधिवेशन प्रतिनिधि लक्ष्मीनाथ नेपाल, प्रकाश उपाध्ध्याय, मनोजा चौधरी, क्षेत्रीय उपसभापति अनिल श्रीवास्तव, शैलेन्द्र उपाध्याय, महानगर सभापति मणिन्द्रलाल नेपाली, नेताहरु ग्यासुदिन ठकुराई, मिन्टु सिंह, प्रिति सिंह, बुथ सभापति बाबुनन्द चौरसिया, शम्शाद अलीलगायतका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

# विद्यालयमा आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित किरण आँखा अस्पतालले निःशुल्क आँखा शिविर सञ्चालन गरेको छ ।
वीरगंजको रामटोलमा रहेको कञ्चनजंगा स्कुलमा आयोजित शिविरमा आठसय विद्यार्थीको निःशुल्क आँखाजाँच गरिएको थियो । शिविरमा शिशु कक्षादेखि कक्षा १० सम्मका विद्यार्थीको आँखाजाँच गरिएको थियो ।
जाँचपछि एकसय जनामा आँखाको समस्या देखा परेको शिविर सञ्चालक तथा आँखारोग विशेषज्ञ डा.अमर क्यालले जानकारी दिए ।
अधिकतम विद्यार्थीको आँखामा सुख्खापन देखिएको उनको भनाइ छ । डा. क्यालका अनुसार १० जनामा चश्मा लगाउन पर्ने अवस्था देखिएको छ । मोबाइल, ल्यापटप तथा टिभी हेर्दा नजिकबाट हेर्ने हुनाले आँखाको समस्या उत्पन्न हुने उनको तर्क छ । स्कुल तथा बाहिरबाट घर जाँदा आँखा तथा अनुहार चिसो पानीले राम्रोसँग धुन उनको सुझाव छ । किरण आँखा अस्पतालले यसअघि पनि पर्साका विभिन्न स्थानमा निःशुल्क शिविर सञ्चालन गर्दै आएको छ ।

# बिल बिजक भन्दा बढीको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
बिल बिजक भन्दा बढी खुद्रा तथा हार्डवेयरका सामानसहितको ट्रकलाई पर्सा प्रहरीले वीरगंजको घण्टाघरबाट नियन्त्रणमा लिएको छ ।
वीरगंजबाट चितवन जाँदै गरेको ना.८ ख ४०१८ नम्बरको ट्रकमा बिल बिजक भन्दा बढी खुद्रा तथा हार्डवेयर लगायतका सामान रहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले घण्टाघरबाट ट्रक नियन्त्रणमा लिएको थियो । ट्रक चेकजाँच गर्दा बिल बिजक भन्दा बढी मालबस्तु भेटिएपछि ५१ लाख ९ हजार २ सय ७ रुपैयाँ मूल्यांकन गरी थप कारबाहीका लागि मंगलबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दिपक गिरीले जानकारी दिए ।

# पत्रकार अधिकारी पाँचदिनदेखि बेखबर

**मधेशदृष्टि**
**बारा ।**
बाराका पत्रकार महेश्वर अधिकारी पाँच दिनदेखि सम्पर्कविहीन भएको परिवारले जनाएको छ ।
काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिकामा बसोबास गर्दै आएका पत्रकार अधिकारी काठमाडौं महानगरपालिका थापागाउँ नयाँ बानेश्वरबाट शुक्रबार दिउँसो २ बजेदेखि सम्पर्कविहीन भएको आफन्तले जानकारी दिए । शुक्रबार बिहान घरबाट कार्यलय निस्केका उनी अहिलेसम्म सम्पर्कमा नआएपछि परिवारले खोजीका लागि प्रहरीसमक्ष आग्रह गरेको हो । फरक नेपाल डटकमका सञ्चालक अध्यक्ष एवम् निजगढ खबर साप्ताहिकको कार्यकारी सम्पादक अधिकारीले प्रयोग गर्ने मोबाइलसमेत स्वीच अफ छ । नेकपा माओवादीनिकट प्रेस सेन्टरको केन्द्रीय सदस्यसमेत रहेका उनी सम्पर्कविहीन भएको सूचना प्राप्त भएसँगै खोजतलास सुरु भएको छ । बेपत्ता भएसँगै अधिकारीको खोजबिन गरिएको भए पनि कतै फेला नपरेको प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन